का.जि.प्र.का.द.नं. १००/०५९/६०

१५ पुस २०७९,
शुक्रबार
30 December 2022,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ३१४ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



# ढुक्क प्रचण्ड !


प्रधानमन्त्री प्रचण्डले प्रतिनिधिसभाबाट विश्वासको मत पाउनेमा कुनै दुविधा छैन ।

■ **दिनानाथ शर्मा**
**नेता, माओवादी केन्द्र**


एक हिसाबको सहमति भएको छ, दुई वर्ष प्रचण्ड त्यसपछि केपी ओलीको नेतृत्वमा सरकार गठन हुन्छ ।

■ **महेश बस्नेत**
**नेता, नेकपा एमाले**


प्रचण्डजीले कांग्रेस जस्तो लचिलो पार्टी त मिलाउन सक्नुभएन भने सात दल कसरी मिलाउलान् ?

■ **मीन विश्वकर्मा**
**नेता, नेपाली कांग्रेस**

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १४ पुस ।

एमाले, जसपा र जनमत पार्टी लगायत दलको समर्थनमा प्रधानमन्त्री बनेका पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वासको मत लिन सक्ने वा नसक्ने विषय यतिबेला चर्चाको केन्द्रबिन्दुमा छ । सत्ता गठबन्धनमा रहेको नेपाली कांग्रेससँग भागबन्डा नमिलेपछि एमाले सहितका ७ दलको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डले भने यसै महिना विश्वासको मत लिने तयारी गरेका छन् ।

तर, नेपाली कांग्रेसका नेता मिन विश्वकर्मा भने प्रचण्डले संसदमा विश्वासको मत प्राप्त गर्न नसक्ने बताउँछन् । 'प्रचण्डजीले आफूलाई केन्द्रमा राखेर कांग्रेस जस्तो लचिलो पार्टी त मिलाउन सक्नुभएन भने यी सबै दलहरू कसरी मिल्लान् ? र, मिलेनन् भने हामीले चाहेको राजनीतिक स्थायित्व आउँछ कि आउँदैन ? राजनीतिक स्थायित्व आउनलाई निकै कठिन छ,' विश्वकर्माले भने । संघीयता नै नचाहिने राष्ट्रिय स्वतन्त्र पार्टी, राजा आउ भन्ने राप्रपा लगायत राजनीतिक दलहरू रहेको वर्तमान गठबन्धनको सरकार टिक्न गाह्रो हुने बताएका छन् ।

नेकपा एमालेका नेता महेश बस्नेत भने अबको २ वर्ष प्रचण्डको नेतृत्वमै सरकार गठन हुने दाबी गर्छन् । 'हाम्रो एक हिसाबको सहमति भएको छ, २ वर्ष प्रचण्ड त्यसपछि केपी ओलीको नेतृत्वमा सरकार गठन हुन्छ, विश्वासको मत उहाँलाई प्राप्त हुन्छ' उनले भने । साथै बृहत् वाम एकता गरेर अघि बढ्नुपर्नेमा उनको जोड छ ।

त्यस्तै, नेकपा माओवादी केन्द्रमा नेता दिनानाथ शर्मा भने प्रचण्डले सदनबाट विश्वासको मत पाएर २ वर्ष नेतृत्व गर्ने दाबी गर्छन् । 'अध्यक्षले सदनबाट विश्वासको मत पाउनुहुन्छ, त्यसका लागि भागबण्डाको तयारी भईरहेको छ' उनले भने । साथै उनले आगामी कार्यकालको नेतृत्व एमालेले गर्ने सहमति भएको बताएका छन् ।

एमालेका अध्यक्ष केपी ओलीसँगको सहमतिमै संविधानको धारा ७६ (२) बमोजिम प्रधानमन्त्री बनेका प्रचण्ड सदनबाट विश्वासको मत लिएर २ वर्षसम्म प्रधानमन्त्री रहिरहने रणनीतिमा छन् । त्यसका लागि उनले एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाल र जसपाका अध्यक्ष उपेन्द्र यादवलाई फकाएर समर्थन जुटाउँदै आगामी पुस २५ गते विश्वासको मत लिने तयारी गरिरहेका छन् । प्रचण्ड नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा, जसपा, जनमत पार्टी, नागरिक उन्मुक्ती पार्टी र ३ स्वतन्त्र सांसदसहित १६९ सांसदको समर्थनमा प्रधानमन्त्री नियुक्त भएका हुन् ।

१६९ सांसदको समर्थन जुटाएर प्रधानमन्त्रीमा दाबी गरेका प्रचण्डले यसबीचमा आफ्नो समर्थनमा १७१ सांसद पुर्याएको बताइन्छ । अर्कोतर्फ, प्रचण्डले विश्वासको मत लिएपछि

– बाँकी पृष्ठ २ मा

१६९ सांसदको समर्थन जुटाएर प्रधानमन्त्रीमा दाबी गरेका प्रचण्डले यसबीचमा आफ्नो समर्थनमा १७१ सांसद पुऱ्याएको बताइन्छ । अर्कोतर्फ प्रचण्डले विश्वासको मत लिएपछि मात्रै मन्त्रिपरिषद्लाई पूर्णता दिने भनेका छन् । राष्ट्रपति/उपराष्ट्रपति, सभामुखरउपसभामुखको निर्वाचन प्रधानमन्त्रीले विश्वासको मत लिएपछि मात्रै हुनेछ । तथापि, प्रधानमन्त्री प्रचण्डले विश्वासको मत पाउन मुस्किल रहेको कांग्रेस नेताहरु दाबी गर्छन् ।

## वरियतामा उपप्रधानमन्त्रीको
# असन्तुष्टि

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १४ पुस ।

उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठ पदभार ग्रहण गरेपछि मन्त्रालय गएका छैनन् । स्रोतका अनुसार उनी मन्त्रालय नजानुको कारण हो - वरियतामा असन्तुष्टि । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सुरुमा गठन गरेको ८ सदस्यीय मन्त्रिपरिषद्मा श्रेष्ठ तेस्रो वरियतामा छन् । दोस्रो वरियतामा एमालेबाट उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल छन् । विष्णु पौडेल विगतमा नेकपामा श्रेष्ठ भन्दा पछाडि थिए । राजनीतिमा पनि श्रेष्ठ पौडेल भन्दा आफू अगाडि रहेको बताउँछन् । विगतमा एमाले र माओवादी केन्द्रबीच एकीकरण भएर बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)मा श्रेष्ठ भन्दा वरियतामा तल थिए पौडेल ।

माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष समेत रहेका श्रेष्ठ, डा. बाबुराम भट्टराई प्रधानमन्त्री भएका बेला ०६७ मा उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री भएका थिए । एमाले उपाध्यक्ष नै रहेका पौडेल २०७८ मा केपी शर्मा ओली नेतृत्वको सरकारमा उपप्रधानमन्त्री तथा अर्थमन्त्री भएका थिए । नेकपामा श्रेष्ठ पार्टीको छैटौं र पौडेल नवौं वरीयतामा थिए । आफू भन्दा जुनियर नेतालाई वरियतामा अगाडि राखेको भन्दै उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री श्रेष्ठ मन्त्रालय नै नगएका हुन ।

श्रेष्ठ पावरफुल मन्त्रालय लिनकै लागि राष्ट्रिय सभामा रहेका थिए । प्रतिनिधिसभाको चुनाव लड्न जाँदा निर्वाचित हुने/नहुनेमा सुनिश्चितता नहुने भन्दै उनले यसपटक प्रत्यक्ष चुनाव नै लडेनन् । उनले २०७० र २०७४ को चुनाव लगातार हारेका थिए । त्यसकारण पनि उनले यसपटक चुनाव लड्ने आँट गरेनन् । चुनाव हार्दा मन्त्री बन्न नपाइने भएका कारण राष्ट्रिय सभामै रहेका श्रेष्ठ आफूलाई प्रधानमन्त्री पछाडिको पहिलो वरियतामा उपप्रधानमन्त्री चाहन्थे । तर, तेस्रोमा राखिएपछि शपथ लिएर पनि मन्त्रालय नगइ बसेका हुन् । आफू भन्दा जुनियर नेतालाई वरियतामा अगाडि राखेको भन्दै उपप्रधान तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री श्रेष्ठ मन्त्रालय नै नगाएको बताइन्छ । मन्त्री हुनकै लागि उनले २०७४ को चुनाव हारेर पनि राष्ट्रिय सभाको चुनाव लडे । राष्ट्रिय सभाको चुनावमा स्थानीय तहका प्रमुख र उपप्रमुख, प्रदेश सभा सदस्यहरु मतदाता हुन्छन् । राजनीतिक दलहरुको समिकरणका लागि दलका नै प्रतिनिधिहरु मतदाता हुने भएकाले राष्ट्रिय सभाको चुनावलाई

– बाँकी पृष्ठ २ मा

चुनाव हार्दा मन्त्री बन्न नपाइने भएकाले प्रत्यक्ष चुनाव लड्ने आँट नगरेर राष्ट्रिय सभामै रहेका नारायणकाजी श्रेष्ठ आफूलाई प्रधानमन्त्री पछाडिको पहिलो वरियताको उपप्रधानमन्त्री चाहन्थे । तर, तेस्रोमा राखिएपछि शपथ लिएर पनि मन्त्रालय नगाई बसेका हुन् ।



वैदेशिक रोजगार विशेष

# अमेरिका, क्यानडा पठाउने भन्दै डेढ करोडभन्दा बढी ठग्ने पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ पुस

अमेरिकालगायतको देशमा वैदेशिक रोजगारीका लागि पठाइदिन्छु भन्दै १ करोड ६२ लाख भन्दा बढी रकम ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । प्रहरीले वैदेशिक रोजगार ठगीको आरोपमा काठमाडौं बुढानीलकण्ठ नगरपालिका-८ ओमनगर बस्ने ४४ वर्षीय राजेश थापालाई पक्राउ गरेको हो ।

थापा ललितपुर महानगरपालिका-१ कुपण्डोलका स्थायी बासिन्दा भएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । मिनभवनबाट खटिएको प्रहरीको टोलीले उनलाई काठमाडौंको लैनचौरबाट बुधबार पक्राउ गरी बिहीबार सार्वजनिक गरेको थियो ।

उनले विभिन्न व्यक्तिहरुलाई मासिक ३ लाख तलबका साथै ग्रिनकार्ड, पीआर र हङकङ आईडीसमेत बनाइदिने प्रलोभन दिएर वैदेशिक रोजगारिको लागि अष्ट्रेलिया, अमेरिका, क्यानडा तथा हङकङलगायतका देशहरुमा पठाइदिने भन्दै १ करोड ६२ लाख ६ भन्दा बढी रकम ठगी गरेको प्रहरीले दाबी गरेको छ ।

हाल उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी परिसर टेकु पठाइएको उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । उनले प्रतिव्यक्ति २५ लाख रुपैयाँ लाग्छ भनी रकम उठाएको प्रारम्भिकरुपमा खुलेको बताउँदै प्रहरीले मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २१ को दफा २४९ (१) र (२) बमोजिमको कसुर भएको दाबीसमेत गरेको छ ।

## श्रम काउन्सिलर र सहचारीहरु जिम्मेवारी सम्हाल्न जाँदै

काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले हालै नियुक्त गरेका काउन्सिलर श्रम र श्रम सहचारीहरु आ-आफ्नो जिम्मेवारी सम्हाल्न सम्बन्धित मुलुक जान थालेका छन् । श्रम मन्त्रालयले उपसचिवस्तरका काउन्सिलर श्रममा मलेसियाका लागि भोलानाथ गुरागाईं, दक्षिण कोरियाका लागि चन्द्रकला चौलागाईं ओली र कतारका लागि टिकामनि नेउपानेलाई नियुक्त गरेको थियो ।

त्यसैगरी मन्त्रालयले अधिकृतस्तर श्रम सहचारीका लागि साउदी अरेबियाको जेद्दामा ताम्राराज काफ्ले, मलेसियामा दिलिप खड्का, ओमनमा गोविन्दप्रसाद आचार्य र संयुक्त अरब ईमिरेट्स (यूएई)मा आबिन्द अन्सारीलाई नियुक्त गरेको थियो । त्यसमध्ये ओमानमा खटिएका आचार्य आगामी आइतबार त्यसतर्फ प्रस्थान गर्दैछन् । अन्य काउन्सिलर श्रम र श्रम सहचारीहरुको भिसा आउने क्रममा रहेको बताइएको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले बुधबार संघको कार्यालयमा एक कार्यक्रम गरी नवनियुक्त काउन्सिलर श्रम र श्रम सहचारीहरुको सम्मान तथा बिदाइ गरेको छ । यसअघि मन्त्रालयले उनीहरुलाई वैदेशिक

– बाँकी पृष्ठ २ मा

सीपमूलक काममा वैदेशिक रोजगारमा पठाउने मेनपावरका क्यान्डिडेट र व्यक्तिहरुको लागि
**तालिम खुल्यो**
कुक, वेटर, क्लिनर, हाउसमेड, केयर गिभर, सेक्युरिटी गार्ड र कन्ष्ट्रक्सन
विगत १७ वर्ष देखि सञ्चालित नेपाल सरकार श्रम मन्त्रालय तथा CTEVT द्धारा तालिम दिन मान्यता प्राप्त संस्था
माउन्टेन मल्टिपल ट्रेनिङ सेन्टर, बसुन्धारा चौकीबाट १०० मि.भित्र, फोन नं: ०१-४५८७४०५

QATAR मा Free Visa ! Free Ticket ! Free Recruitment ! (Zero Cost) शुन्य लागतमा रोजगार

KAEFER LLC. Doha, Qatar

पूर्व स्वीकृती मितिः २०७९/०९/१४ | चलानी नं. ६०१९४०१७ | LT No. : 278538
Pre-approval Date: 2022/12/29 | Dispatch No.: 60194017 | LT No.: 278538

| S.N. क्र.स. | Category कामदारको पद | QTY. माग संख्या पुरुष Male | QTY. महिला Female | Qualification योग्यता | Salary मासिक तलव QR | Salary NRS. | Working Hrs./Day प्रतिदिन काम गर्ने घण्टा | Working days /week हप्तामा काम गर्ने दिन | Yearly Holidays/Over Time Facility वार्षिक बिदा/ओभर टाईम सुविधा | Food खाना सुविधा | Accomodation बस्ने सुविधा | Contract Period करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. / १. | Technical General / जनरल टेक्निकल | 18 / १८ | 00 / 00 | Experienced in the related field. / सम्बन्धित काममा दक्ष | 1100 / ११०० | 40,096/- / ४०,०९६/- | 8 hours a day / ८ घण्टा | 6 days a week / ६ दिन | as per company rule / क. नि. अनुसार | Provided by company / रोजगारदाता कम्पनीले दिनेछ | | 2 Years / २ वर्ष |

यसै कम्पनीको लागि GCC Scaffolder हरुको माग भएकोले निशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| Pre-Medical Expenses In Nepal (स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Medical Expenses In Qatar (बिदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Nepal (स्वदेशमा गरिने बिमा खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Qatar (रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने) | Ticket Expenses (हवाई टिकट कसले दिने र कति लाग्ने) | Visa Expenses (भिषा शुल्क कसले दिने र कति लाग्ने) | Welfare Fund (कल्याणकारी कोष) | Orientation Charge (अभिमुखीकरण शुल्क) | Recruitment Agency Service Charge (सेवा शुल्क) |
|---|---|---|---|---|---|---|---|---|
| By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) | By Company (हुने, रोजगारदाता कम्पनीले) | Provided By The Company Free of Cost (निःशुल्क रोजगारदाता कम्पनीले) | | Npr. 1500 By Company (ने.रु. १५००/- रोजगारदाता कम्पनीले) | Npr. 700 By Company (ने.रु. ७००/- रोजगारदाता कम्पनीले) | Provide By The Company (रोजगारदाता कम्पनीले दिने) |

Interview will be held on 6 Jan, 2023 by Company Representative in Own Office Basundhara, Kathmandu. अन्तरवार्ता २०७९ पुष २२ गते यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

**Information by Department of foreign employment:** 1. Take note of the number and address of embassy in which conutry you are heading for so that they help you if incase you get problems and difficulties. 2. As mentioned in this advertisement (information) there is no cost other than pre-medical, so please do not pay anyone. 3. Please take orientation class compulsory before the departure. 4. Please do the sing on the agreement paper after reding carefully about the company, it's address facilities, salary and others terms and condition. And keep safe one copy yourselves. 5. Please use Kathmandu international airport only while departure, otherwise you may cheated. 6. If you want do know more about this advertisement then you can please contact nepal labour & employment department in Buddhanagar, New Baneshwor.

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No: 1244/074/075
आरोही एच.आर. सोलुसन्स् प्रा.लि.
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohiirsolutions.com
01-4961807, 4962925 9802067941, 9801081902

मध्यान्ह
www.madhyanhadaily.com
१५ पुस २०७९, शुक्रबार
30 December 2022, Friday

# भारतको कोठीबाट नौ किशोरीको उद्धार

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, १४ पुस

गत वैशाख ३० गते इटहरी उपमहानगरपालिका १६ बाट १५ वर्षीया बालिका बेपत्ता भइन् । नातामा ठूलोबुबा पर्नेसँग कोशीमा पूजा गर्न भनि गएकी चौधरी थरकी बालिका अन्ततः हराएको १ महिनापछि भारतको एक पसलमा फेला परिन् । माइती नेपाल सुनसरी र प्रहरीको सहयोगमा उनलाई सकुशल उद्धार गरेर घर ल्याइयो ।

त्यस्तै गत साउनमा आफन्त कँहा जान्छु भनेर हिँडेकी सुनसरी लौकहीकी १६ वर्षीय किशोरी तीन दिनसम्म पनि घर नफर्किएपछि प्रहरी र माइती नेपालमा खोजीका लागि परिवारले उजुरी दिए । उजुरीपछि खोजीलाई तिब्र बनाउँदै गर्दा हराएको २३ दिनपछि उनलाई पनि भारतबाटै सकुशल उद्धार गरेर ल्याइएको थियो । माइती नेपाल पुनःस्थापना तथा परामर्श केन्द्र सुनसरीमा मात्रै गएको एक वर्षको अवधिमा सुनसरीको विभिन्न




स्थानीय तहहरूबाट २९ जना बालिका तथा किशोरी हराएको निवेदन परेको छ । जसमा ९ जनालाई भारतको विभिन्न क्षेत्रबाट सकुशल उद्धार गरी परिवारको जिम्मा लगाइएको छ ।

बीस जना कँहा छन्, कुन अवस्थामा छन्, अत्तोपत्तो छैन । तर पनि खोजीकार्य जारी रहेको संस्थाले जनाएको छ । आफ्नो छोरी तथा नातिनी हराएको भनी निवेदन आएपछि मात्रै माइती नेपालले खोजी शुरु गर्ने गरेको छ । जसमा नेपाल प्रहरीसँग समन्वय गर्दै भारतसम्म पुगेर खोजीकार्य गर्ने गरेको माइती नेपाल सुनसरीकी कार्यक्रम संयोजक सुनिता कार्कीले बताइन् ।

गएको ५ वर्ष भित्र माइती नेपाल सुनसरीले तीन सय भन्दा बढी महिलाहरूलाई भारतको विभिन्न कोठीहरूबाट उद्धार गरी सीपमूलक तालिम प्रदान गर्दै समाजमा पुनःस्थापित गराएको संस्थाले जनाएको छ । विशेष गरी बढ्दो अशिक्षा, गरिबी र परिवारकै संलग्नताले नेपाली चेलीहरू सजिलै भारतका बजारहरूमा पुग्ने गरेको संयोजक कार्कीले बताइन् । 'रोजगारीको प्रलोभनमा नेपाली चेलीहरू खुल्ला सीमा हुँदै भारतको बम्बई, कलकत्ता, दिल्लीसम्म पुग्ने गरेका छन्', कार्कीले भनिन् ।

२०७८ सालमा मात्रै माइती नेपालले ९२ जना भन्दा बढी बालिका तथा किशोरीहरूलाई भारतकै विभिन्न क्षेत्रबाट उद्धार गरी परिवारको जिम्मा लगाएको कार्कीले बताइन् । बढ्दो चेलीबेटी बेचबिखन विरूद्ध खुल्ला सीमा नाकाहरूमा माइती नेपाल र नेपाल प्रहरी लगायत विभिन्न संस्थाहरूले जनचेतनामुलक कार्यक्रम गर्दै आएको छ भने काँकडभित्ता, जोगवनी लगायतका नाकाहरूमा उत्तिकै कडाइ गरिएको छ ।

# मापदण्ड विपरीत खोला उत्खनन् गर्नेविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मापदण्ड विपरीत खोला उत्खनन गर्ने स्थानीय तहका कर्मचारीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । ठेकेदारले अनुमति पाएको भन्दा धेरै नदीजन्य पदार्थ उत्खनन गरेको थाहा पाउँदा पाउँदै कर्मचारीले नियन्त्रणमा उदासिन भएको र स्थानीय तहलाई राजस्व हानी नोक्सानी पुऱ्याएको भन्दै अख्तियारले दमक नगरपालिकाका वातावरण अधिकृत ज्ञानेन्द्र चौधरी र मोरङको मिक्लाजुङ गाउँपालिकाका सब इन्जिनियर विवेक कार्कीविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको हो ।

अख्तियारका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार उनीहरुविरुद्ध ३ करोड ४४ लाख ११ हजार २८८ रुपैयाँ २५ पैसा राजस्व नोक्सान गरेको दावीसहित विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरिएको हो । मावा खोला उत्खननका लागि किशन एण्ड दृष्टी बिल्डर्स प्रालिले ठेक्का पाएको थियो । उक्त कम्पनीले अनुमति प्राप्त परिमाणभन्दा बढी नदीजन्य पदार्थ उत्खनन् गर्दा त्यसलाई समयमै नियन्त्रण गर्ने र समयमै आफ्नो कार्यालयमा जानकारी गराउनुपर्नेमा जिम्मेवारीबाट विमुख भई पालिकाको राजस्व नोक्सानी गराएको अख्तियारको दाबी छ । दमक नगरपालिकाका कर्मचारी ज्ञानेन्द्र चौधरी र मिक्लाजुङका विवेक कार्कीले नदीजन्य पदार्थ के कति परिमाणमा उत्खनन् भएको थियो भनी स्थलगत जाँचबुझ एवं मुचुल्कासमेत उठाई यकिनका साथ प्रतिवेदन पेस गर्नुपर्नेमा हचुवाको भरमा उत्खनन् गरेको भन्दा घटी परिमाण उल्लेख गरी झुट्टो प्रतिवेदन दिएको अख्तियारले बताएको छ ।

अख्तियारले ठेकेदार किशन एण्ड दृष्टी विल्डर्स प्रालिका सञ्चालक पशुपति उप्रेती र उनका प्रतिनिधि निशम कार्कीले सम्झौता विपरीत बढी नदीजन्य पदार्थ उत्खनन् गरी गैरकानूनी लाभ लिएको र स्थानीय तहको राजस्व नोक्सान पुऱ्याएको भन्दै उनीहरुविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरेको छ । उनीहरुविरुद्ध पनि ३ करोड ४४ लाख ११ हजार २८८ रुपैयाँ विगो माग गरिएको अख्तियारका प्रवक्ता भण्डारीले जानकारी दिए ।

# 'मास प्रिन्टर' खरिद गर्दै विभाग

**काठमाडौं/मस–** सेवाग्राहीले लामो समयसम्म पनि चालक अनुमतिपत्र नपाउने समस्या हटाउन सरकारले नयाँ 'मास प्रिन्टर' (ठूलो क्षमताको छपाइ उपकरण) खरिदका लागि प्रक्रिया अघि बढाएको छ । हाल सञ्चालनमा रहेको जस्तै नयाँ प्रिन्टर खरिद गर्न लागिएको हो । अहिले माग र आपूर्तिबीचमा ठूलो अन्तर भएकाले 'मास प्रिन्टर' खरिद गर्न लागि यातायात व्यवस्था विभागले जनाएको छ । केही वर्षदेखि सेवाग्राहीले फारम भरेको वर्षदिनसम्म पनि चालक अनुमतिपत्र नपाउने अवस्था छ । चालु आर्थिक वर्षमा बजेट विनियोजन भएकाले बोलपत्र आह्वानका लागि प्रक्रिया अघि बढेको विभागका प्रवक्ता ईश्वरीदत्त पनेरुले जानकारी दिए । उनले भने, 'नयाँ उपकरण खरिदका लागि प्रक्रिया भइसकेको छ र अर्को मेसिन आएपछि समस्या समाधान हुनेछ ।'

सार्वजनिक खरिद प्रक्रियाका लागि केही समय लाग्नसक्ने उनले बताए । उनले भने, 'छिटो भएमा पनि चारदेखि पाँच महिना लाग्नसक्छ ।' संविधानअनुसार अनुमतिपत्रसम्बन्धी सबै अधिकार प्रदेश सरकारको भए पनि प्रदेश आफैँले नसक्दासम्मका लागि भनेर केन्द्र सरकारले छपाइ गरिरहेको प्रवक्ता पनेरुको भनाइ छ । प्रदेशहरुले आफैँ छाप्नुपर्ने भए पनि अहिलेसम्म कुनै प्रदेशले पनि काम शुरु गरेका छैनन् । उनले भने, 'यसको कार्यक्षेत्र प्रदेश सरकारको हो विभागले सहजीकरण गरेको हो ।'

माग र आपूर्तिबीचको सन्तुलन नभएकाले समस्या भइरहेको भएको विभागले जनाएको छ । विभागले दैनिक साढे चार हजार अनुमतिपत्र छाप्न सक्ने हुँदा माग सात हजार थियो । एउटा मात्रै 'मास प्रिन्टर' भएकाले सबै सेवाग्राहीले तत्काल




अनुमतिपत्र पाउने अवस्था नभएको रहेको प्रवक्ता पनेरुले बताए । अनुमतिपत्र छपाइमा समस्या बढिरहकाले गत आवमा उपकरण किन्न विभागले बजेट माग गरेको थियो ।

नयाँ आउने उपकरण अहिले सञ्चालनमा रहेको उपकरणसँग काम मिल्ने किसिमको चाहिने प्रवक्ता पनेरुले बताए । 'मास प्रिन्टर' खरिद भएपछि पर्सनालाईज हुनुपर्ने उनले बताए । उनले भने, 'दुवै उस्तै हुनुपर्छ । यी दुई मेसिन फरक-फरक हुनुहुँदैन ।' अहिले विभागमा एउटा मात्रै उपकरण रहको र त्यसबाट अधिकतम काम लिइरहेको विभागले जनाएको छ । अहिले पनि दैनिक १६ घण्टा मेसिन चलाईएको उनले जानकारी दिए ।

नयाँ मेसिन आएपछि आवश्यकताअनुसार छपाउन सकिने हुँदा सेवाग्राहीले तुरुन्त अनुमतिपत्र पाउने अवस्था आउने विभागको दाबी छ । सबैभन्दा पहिले अहिले छापिन बाँकी झण्डै एक लाख अनुमतिपत्र छाप्नुपर्ने हुन्छ ।

नेपालमा विसं २०७२ पुसदेखि एकान्तकुनास्थित कार्यालयबाट 'स्मार्ट' चालक अनुमतिपत्र शुरु भएको थियो । एशियाली विकास बैंकको सूचना र सञ्चार प्रविधि (आइसिटि) परियोजनअन्तर्गत भएको सम्झौताका आधारमा चार छपाइ उपकरण (प्रिन्टर) र तीन लाख ५० हजार कार्ड खरिद गरिएको थियो । त्यसपछिका वर्षमा उपत्यकामा रहेका अरु यातायात कार्यालय ठूलो भऱ्याङ, जगाती र चावहिल कार्यालयमा उक्त प्रणाली विस्तार गरिएको थियो । उपत्यकामा मात्रै 'स्मार्ट' चालक अनुमतिपत्र सुरु भइरहँदा नै उपकरण र कार्ड व्यवस्थापन हुन नसक्दा सेवाग्राहीले समयमै अनुमतिपत्र पाएका थिएनन् । उपत्यका बाहिरका कार्यालयमा सेवा विस्तार हुँदा समस्या अझै बढेको थियो ।


आव २०७३/७४ मा ठेक्कामार्फत् सात लाख ५० जहार कार्ड र चार थान छपाइ उपकरण खरिद गरिएको थियो । प्रतिघण्टा ६० कार्ड मात्र छाप्ने क्षमताका उपकरणका कारण विस्तारै छाप्नुपर्ने अवस्था सिर्जना भएको थियो । विभागले विसं २०७६ मा धेरै सङ्ख्यामा एकै पटक कार्ड छाप्न सक्ने उपकरण खरिद गरेको थियो । मदरास सेक्युरिटी प्रिन्टिङबाट खरिद गरिएको उपकरणको क्षमता प्रतिघण्टा ४५० कार्ड छाप्ने छ । जुन अहिले विभागमा सञ्चालनमा छ । साना क्षमताका अरु प्रिन्टर भने अहिले सञ्चालनमा नरहेको प्रवक्ता पनेरुले जानकारी दिए ।

देशभरका सबै कार्यालयबाट 'स्मार्ट' कार्ड लागू भएपछि झण्डै आठ लाख कार्ड छाप्न बाँकी भएकामा २०७६ चैतदेखि सरकारले बन्दाबन्दीले गर्दा यातायातका कर्मचारीले छपाइ सकेका थिए । त्यसपछि पुनः विसं. २०७७ साउनमा पुनः प्रक्रिया अघि बढाएर फ्रान्सेली कम्पनीसँग कार्ड खरिदको सम्झौता भएको थियो । मदरास कम्पनीले कार्ड र 'मास प्रिन्टर' दुवै एउटै कम्पनीले खरिद गर्दा समस्या नआए पनि पछिल्लो पटक फरक कम्पनीबाट खरिद गर्दा समस्या आएको थियो । कम्पनीले पठाएको नमूना यहाँको सफ्टवेयरमा नमिलेकाले लामो समय अनुमतिपत्र छपाई प्रभावित बनेको थियो ।

अनुमतिपत्र छाप्न समय लाग्ने मात्रै होइन लामो समय कुरेर पाएका कार्डमा समेत समय समयमा समस्या आइरहेको सेवाग्राही बताउँछन् । केही वर्ष यता यातायात कार्यालयमा सेवाग्राहीको भीड हुने गरेको छ । सेवाग्राहीको भीड व्यवस्थापनका लागि कार्यालयहरुले टोकन प्रणाली लागू गरेको भएपनि भीडभाड कम नभएको देख्न सकिन्छ । संविधानअनुसार तीन तहका सरकारबीच अधिकारको बाँडफाँट हुँदा अनुमतिपत्रलगायतका यातायात व्यवस्थापनको जिम्मेवारी प्रदेश सरकारको क्षेत्रमा परेको छ । तर अनुमतिपत्रको परीक्षा लिने र वितरण गर्ने एउटा सरकारले र सफ्टवेयर सञ्चालन र छपाई अर्कोले गर्दा समन्वय नहुँदा भने सेवाग्राहीले समस्या भोग्दै आएका छन् । विभागले 'स्मार्ट' चालक अनुमतिपत्र शुरु गर्दा विभागसँग कम क्षमताका सात प्रिन्टर थिए । तीनको क्षमता प्रतिघण्टा ४० अनुमतिपत्र छाप्ने थियो । तीनका क्षमताले नधानेपछि खरिद भएको 'मास प्रिन्टर' ले क्षमता प्रयाप्त हुने अपेक्षा गरिएको थियो ।

# ट्रेड युनियन कांग्रेसको महाधिवेशन जेठमा

**काठमाडौं/मस–** नेपाल ट्रेड युनियन कांग्रेसको सातौं राष्ट्रिय महाधिवेशन आगामी २०८० जेठ १२ देखि १४ गतेसम्म काठमाडौंमा हुने भएको छ । ट्रेड युनियन कांग्रेसका अध्यक्ष पुष्कर आचार्यको अध्यक्षतामा मङ्गलबार र बुधबार काठमाडौंमा बसेको दुईदिने कार्यसम्पादन समितिको बैठकले आबद्ध सङ्घ, जिल्ला र प्रदेशको अधिवेशन सम्पन्न गरी आगामी वर्ष जेठमा महाधिवेशन सम्पन्न गर्ने निर्णय गरेको हो ।




बैठकले अध्यक्ष आचार्यको संयोजकत्वमा राष्ट्रिय समितिका सबै, महिला तथा युवा अध्यक्ष तथा संरचनामा रहेका आबद्ध सङ्घ, ट्रेड युनियन कांग्रेस प्रदेश तथा जिल्ला अध्यक्ष रहेको महाधिवेशन मूल तयारी समिती गठन गरेको छ । उक्त बैठकले सदस्यता फाराम तथा शुल्क सङ्कलन २०७९ फागुन मसान्तभित्र, आबद्ध सङ्घको राष्ट्रिय महाधिवेशन २०७९ चैत मसान्तभित्र, ट्रेड युनियन कांग्रेस जिल्ला अधिवेशन २०८० वैशाख ९ र प्रदेश अधिवेशन वैशाख १८ गते सम्पन्न गर्ने निर्णय गरेको महासचिव योगेन्द्र कुँवरले जानकारी दिए ।

विसं २०८० वैशाखदेखि सरकारले अनौपचारिक तथा स्वरोजगार क्षेत्रका श्रमिकलाई योगदानमा आधारित सामजिक सुरक्षामा सहभागी गराउने निर्णय भइसकेको सन्र्दभमा स्थानीय तहमा श्रमिकको पञ्जीकरण तथा श्रमिकको समस्या समाधानार्थ स्थानीय तहमा श्रम सल्लाहकार समिति गठन गराउन सम्बन्धित निकायमा अभियानका रुपमा कार्यक्रम सञ्चालन गरिने जनाएको छ । गत मंसिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन अगाडिको ट्रेड युनियन कांग्रेसको बैठकको निर्णयविरुद्ध रहेर अलग्गै पार्टीमा आबद्ध भएको भन्दै ट्रेड युनियन कांग्रेस राष्ट्रिय समितिका सल्लाहकारद्वय रिता खनाल र कल्पना अधिकारीलाई सल्लाहकार पदबाट तथा अनौपचारिक क्षेत्रकी उपाध्यक्ष आशासिंह राठौरलाई उपाध्यक्ष पदबाट निलम्बन गर्ने निर्णय गरेको छ ।

नेपाल ट्रेड युनियन कांग्रेसले नीति अधिवेशन, कांग्रेसको संरचनामा श्रमिक समावेश, दुई तहको निर्वाचन समीक्षा, कोरोनाबाट थिलोथिलो भएका श्रमिकलाई राहत, श्रमिकलाई सामाजिक सुरक्षा तथा आप्रवासी श्रमिक समस्याका मुद्दालाई छलफल गर्न तत्काल कांग्रेसको महासमिति बैठक बोलाउनसमेत माग गरेको छ । ट्रेड युनियन कांग्रेसमा देशभरका औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत विभिन्न २७ श्रमिक सङ्घ, सङ्गठन आबद्ध छन् भने झण्डै पाँच लाख श्रमिक सदस्य रहेका बताएको छ ।

# नयाँ सरकारबाट व्यवस्थित यातायात सेवा सञ्चालनमा सहयोग पुग्ने विश्वास



**काठमाडौं/मस–** देशभरका यातायात व्यवसायीको छाता सङ्गठन नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले नयाँ सरकारबाट देशभर व्यवस्थित यातायात सेवा सञ्चालन हुने विश्वास लिएको छ । महासंघको टोलीले बिहीबार नवनियुक्त उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठलाई भेटेर 'बधाई तथा शुभकामना' दिँदै नयाँ सरकारले समग्र सार्वजनिक यातायात क्षेत्रको लगानीको संरक्षण गर्दै व्यवस्थित यातायात सेवा सञ्चालन हुने विश्वास लिएको हो ।

महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले नयाँ मन्त्रीको कार्यकालमा समयानुकुल व्यवस्थित यातायात सेवा सञ्चालनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । 'नयाँ सरकारको पालामा यातायात व्यवसायीले देशभर नियमित र व्यवस्थित रुपले उपभोक्तामुखी सेवा दिन अभिप्रेरणा मिल्नेछ', उनले भने । आगामी दिनमा महासङ्घ र मन्त्रालयबीचको सम्बन्ध प्रगाढ हुने विश्वाससमेत महासंघले लिएको छ । भेटमा नवनियुक्त उपप्रधानमन्त्री तथा यातायातमन्त्री श्रेष्ठले जनतामुखी सेवा प्रवाह गर्न यातायात व्यवसायी लाग्नुपर्ने बताए । यातायात क्षेत्रमा देखिएका समस्या समाधान गर्न मन्त्रालय लाग्ने उनको भनाइ छ ।

## दुक्क...

मात्रै मन्त्रिपरिषद्लाई पूर्णता दिने भनेका छन् । राष्ट्रपति/उपराष्ट्रपति, सभामुख र उपसभामुखको निर्वाचन प्रधानमन्त्रीले विश्वासको मत लिएपछि मात्रै हुनेछ । तथापि, प्रधानमन्त्री प्रचण्डले विश्वासको मत पाउन मुस्किल रहेको कांग्रेस नेताहरु दाबी गर्छन । विश्वासको मत लिँदा समर्थन् गर्ने सांसदहरु नघटुन भनेर प्रचण्डले यसै महिना विश्वासको मत लिने तयारी गरेका छन् ।

सरकारको सिफारिसमा राष्ट्रपतिले पुस २५ गतेका लागि प्रतिनिधिसभाको बैठक आह्वान भएको छ । पहिलो दिन शीर्ष नेताहरुले सम्बोधन गर्ने अध्यास छ । दोस्रो वा तेस्रो दिन नै प्रधानमन्त्रीले विश्वासको मत लिन सक्ने नेताहरु बताउँछन् ।

बिहीबार सत्तासाझेदार दलहरुको बैठकमा पनि प्रधानमन्त्रीले विश्वासको मत लिने विषयमा छलफल भएको थियो । नेताहरुका अनुसार प्रचण्डले पुस २९ गते विश्वासको मत लिने आफ्नो चाहना रहेको बताएका थिए । जसलाई सत्ता साझेदार दलहरुले सकारात्मक रुपमा लिएको प्रचण्डको सचिवालयले जनाएको छ ।

## वरियतामा...

सहज जित र हार देख्न सकिने चुनावमा रुपमा समेत लिइन्छ । मन्त्रिपरिषद गठन गर्दा समेत प्रधानमन्त्री पछाडि आफू रहने भन्ने भएको तर, पछि तेस्रोमा राखिएको श्रेष्ठ निकट नेताहरु बताउँछन् । स्वमं माओवादी नेताहरु समेत श्रेष्ठको जिकिरलाई स्वभाविक ठान्छन् । नेताहरुका अनुसार श्रेष्ठले वरियतामा असन्तुष्टि जनाएर शपथ लिन नै आनाकानी गरेका थिए । तर, यस विषयमा छलफल गर्न तयार रहेको प्रधानमन्त्री एवं माओवादी अध्यक्ष पुष्टकमल दाहाल 'प्रचण्ड' र एमाले अध्यक्ष केपी शर्मा ओलीले भनेपछि उनी शपथका लागि तयार भएको बताइन्छ ।

अर्कोतर्फ, श्रेष्ठले उपप्रधानसहित गृहमन्त्रालय दाबी गरेका थिए । तर, संसदमा २० सिट रहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले गृहमन्त्रालय दाबी गरेपछि उनले गृह मन्त्रालय पाउन सकेनन् । त्यसपछि उनलाई परराष्ट्र मन्त्री बन्न प्रस्ताव गरिएको थियो । तर, उनले त्यो पनि मानेनन् । उपप्रधानसहित भौत्तिक पूर्वाधार तथा यातायात मन्त्रालय लिन तयार भएर शपथ खाएका श्रेष्ठले फेरि वरियताका असन्तुष्टि जनाएका हुन् ।

## श्रम ...

रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस), श्रम आप्रवासन, द्विपक्षीय श्रम सम्झौता, श्रम कूटनीति, वैदेशिक रोजगार समस्या कानून लगायतबारे विज्ञहरुबाट ३ दिने अभिमुखीकरण तालिम दिएको थियो ।

श्रम मन्त्रालयका सचिव एकनारायण अर्यालले आफ्नो जिम्मेवारी र उत्तरदायित्वका विषयमा प्रष्ट जानकारी लिई श्रमिकको अवस्था, डिमाण्ड दिने कम्पनीको विस्तृत जानकारी राखी सञ्जाल र समन्वय गरी सम्बन्धित देशको ऐन कानून बुझेर काम गर्न कान्सिलर श्रम र श्रम सहचारीहरुलाई निर्देशन दिएका छन् ।

## साउदीमा रोजगारको अवसर

१. कम्पनी : RESTAURANT MADHAQ AL-TAJIN FOR MEALS
शहरः BURAIDAH

पूर्व स्वीकृत मितिः २०७९/०९/१४ चलानी नं.: ६०१९४०९५ L.T. No.: 278494

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Fast Food Maker | 1 | 0 | स. काममा दक्ष | 1500 | ५२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ पुस २२ गते (6 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

License No.: 1067/073/074

**Elmira Manpower Service Pvt. Ltd.**
P.O.Box: 9883, Basundhara, Kathmandu, Nepal, Tel: 977-014963814, 015909815
Fax : 4016788, Mob:9851068108, 9851188820
Email: info@elmiramanpower.com, Web.: www.elmiramanpower.com

## मलेसियामा रोजगारको अवसर ।

कम्पनी: ALLSAFE GUARDS SDN BHD
शहर: Malaysia, Jalan

पुर्व स्वीकृत मिति: २०७९/०९/१४ चलानी नं.: ६०१९४१०६ L.T. No.: 278438

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 46 | 0 | स. काममा दक्ष | 1500 | ४४,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७९ पुष २२ गते (6 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

Gov. Lic No. 1140/073/074

**Al Raas Recruitment Services Pvt. Ltd.**
Sukedhara-4, Kathmandu, Nepal Tel : 01-4375437
Email : alraasreception@gmail.com, alraasrecruitment@gmail.com

# रोल्पाका क्यान्सर पीडित बालक दिप्शनलाई सहयोग हस्तान्तरण




**मध्यान्ह संवाददाता**
काठमाडौं, १४ पुस

क्यान्सर रोगबाट पीडित रोल्पाको परिवर्तन गाउँपालिका वडा नं. ५ राङकोटका ५ वर्षीय बालक दिप्शन बुढामगरको उपचारको लागि अमेरिकाका विभिन्न शहरमा पेशा व्यवसाय गर्ने नेपाली सहयोगी हातहरूले ४ लाख ८७ हजार रूपैयाँ संकलन गरेर पठाएका छन् । बुबा रेशम बुढामगर र आमा सुविच्छा घर्ती बुढामगरका एकमात्र छोरा दिप्शन आन्द्राको क्यान्सरले शिथिल भैरहेका छन् । पीडित बालक दिप्शनको उपचार खर्च अभाव भएकोबारे विभिन्न सामाजिक सञ्जालमा समाचार प्रकाशित भएपछि अमेरिकामा बस्ने नेपाली दाजुभाइ दिदीबहिनीहरुले स्वतःफुर्तरूपमा रकम संकलन गरी पठाएका हुन् । यसको संयोजन रोल्पा परिवर्तन गाउँपालिका राङकोट घर भैं हाल अमेरिका न्यूजर्सी बस्ने रोल्पा सेवा समाज अमेरिकाका सह-कोषाध्यक्ष आश घर्ती मगरले गरेका हुन् ।

क्यान्सर पीडित बालक दिप्शनको उपचारका लागि रोल्पा परिवर्तन गाउँपालिका ५ राङकोट घर भई हाल अमेरिका न्यूजर्सीमा बस्ने रोल्पा सेवा समाज अमेरिकाका सह-कोषाध्यक्ष आश घर्ती मगर तथा श्रीमती कल्पना घर्तीमगरबाट रू.६८ हजार ७१०, रोल्पा सुनिल स्मृति गाउँकपालिका- ४ सुलिचौर स्थायी घर भई हाल न्युयोर्क अमेरिका बस्ने रोल्पा सेवा समाज अमेरिकाका अध्यक्ष टिका बहादुर थापाबाट रु. ४४ हजार ९२८, खिजिदेम्बा गाउँपालिका वडा नं २. ओखलढुंगा घरभई हाल न्युयोर्क अमेरिका रहेका गेल्जे शेर्पाबाट रु. ३२ हजार, सोही गाउँपालिका वडा नं. ९ छेर्मादिङ ओखलढुंगा घर भई हाल न्युयोर्क अमेरिका बसोबास गर्दै आएका आङ्छो शेर्पाबाट रु. १२ हजार ८ सय, रोल्पा, मादी गाउँपालिका वडा ४ बुढागाउँ घर भई हाल टेक्सास अमेरिकामा बसोबास गर्ने कमान सिंह बुढाबाट रु.६ हजार ४ सय, रोल्पा राङकोट परिवर्तन गाउँपालिका वडा नं ५ घर भई हाल अमेरिकाको क्यालिफोर्नियामा बसोबास गर्दै आएका जीवन पुनबाट रु. १२ हजार ८ सय, धादिङ रूविभ्याली गाउँपालिका सेर्तुङ घर भई हाल अमेरिकाको भरमोन्त बस्दै आएका मानछिरिङ तामाङ र श्रीमती लिलीमाया तामाङबाट रु. २६ हज़ार दुई सय, दाङ घोराही स्थायी बसोबास भई हाल अमेरिकको न्युयोर्कमा बस्ने विवेक मानन्धरबाट रु. १२ हजार आठ सय, रूकुम चुनवाङ घर भई हाल अमेरिकाको बाल्टीमोर बस्ने गणेश पुनबाट रु. सात हज़ार ४० सहयोग रकम प्राप्त भएको छ ।

यस्तै रूकुम तकसेरा घर भई हाल न्युजर्सी अमेरिका बस्ने संगीता बुढामगरबाट ६ हजार चार सय, रोल्पा परिवर्तन गाउँपालिका राङकोट घर भई हाल न्युयोर्क अमेरिका बस्ने रोल्पा सेवा समाज अमेरिकाकी सदस्य जुनु बुढामगरबाट १२ हजार आठ सय, रोल्पा, मादी गाउँपालिका तालावाङ भस्माखोर घर भई हाल न्युयोर्क अमेरिकामा बस्ने कमानसिङ बुढाबाट २५ हजार ६ सय, बागलुङ बुर्तिबाङ घरभई हाल अमेरिका बस्ने यमलाल पाण्डे, श्रीमती याम कुमारी जैसी, छोराहरु सञ्जु पाण्डे र नारायण पाण्डेबाट ३८ हजार चार सय, रोल्पा, सुन छहारी गाउँपालिका ४ स्युरी घर भई हाल न्युयोर्क अमेरिकामा बस्ने रोल्पा सेवा समाज अमेरिकाका बरिष्ठ उपाध्यक्ष राजु घर्ती मगरबाट पहिलो पटक २३ हजार आठ सय र दोस्रो पटक १२ हजार ८ सय गरी ३६ हजार छ सय र सुनछहारी गाउँपालिका ३ रोल्पा घर भई हाल अमेरिका न्युयोर्क निवासी मगर संघ अमेरिकाका आजीवन सदस्य दुजुलाल घर्ती मगरबाट ६ हजार चार सय प्राप्त भएको छ ।

यसैगरी बर्दिया घर भै हाल न्युयोर्क अमेरिकामा बस्ने मगर संघ अमेरिकाका आजीवन सदस्य पूर्ण पाइजा मगरबाट ६ हजार पाँच सय २८, रूकुम तकसेरा घर भै हाल न्युयोर्क अमेरिका बस्ने मगर संघ अमेरिकाका आजीवन सदस्य सुसाङ बुढामगरबाट ६ हजार ८ सय, रोल्पा मिरूल घर भई हाल अमेरिकाको न्युयोर्क बस्ने रोल्पा सेवा समाज अमेरिकाका रोल्पा परिवर्तन गाउककपालिका राङकोट जैपा घर भई हाल अमेरिकाको न्युयोर्क बस्ने रोल्पा सेवा समाज अमेरिकाका सदस्य प्रकाश पुन मगरबाट पहिलो पटक २३ हजार आठ सय र दोस्रो पटक ३८ हजार चार सय गरी ६२ हजार दुई सय, रोल्पा परिवर्तन गाउँपालिका केउरी घरभई हाल अमेरिकाको न्युयोर्कमा बस्ने निशा बुढामगरबाट ६ हजार पाँच सय ५०, बागलुङ रायडाँडा घरभई हाल अमेरिकको न्यूजर्सी बस्ने हर्क खत्रीबाट ८ हजार सात सय ६० र चितवन भरतपुर घर भई हाल अमेरिकाको न्युजर्सी बस्ने कृष्ण जैसीबाट ३ हजार नौ सय ३० रुपैयाँ प्राप्त भएको




कोषाध्यक्ष मनोज बुढामगरबाट १२ हजार ८ सय, रोल्पा मिरूल घर भई हाल अमेरिकाको न्युयोर्कमा बस्दै आएका मगर संघ अमेरिकाका आजीवन सदस्य बसन्त बुढामगरबाट १२ हजार ८ सय, रोल्पा मिरूल घरभै हाल अमेरिकाको न्यूयोर्क बस्ने मगर संघ अमेरिकाका आजीवन सदस्य दिपेन्द्र रोका मगरबाट १२ हजार ८ सय, दाङ घोराही घरभै हाल न्युयोर्क अमेरिका बस्ने विवेक श्रेष्ठबाट १२ हजार ८ सय, सिर्जना चोक, कास्की पोखरा घरभै हाल न्युजर्सी अमेरिका बस्ने पेमा गुरूङबाट ६ हजार चार सय, दाङ, घोराही घर भई हाल अमेरिकाको न्युजर्सी बस्ने सुनिल चौधरीबाट १२ हजार ८ सय, रोल्पा कुरेली उपाबाङ घर भई हाल न्युयोर्क अमेरिका बस्दै आएका रोल्पा सेवा समाज अमेरिकाका सदस्य जकेन्द्र बुढामगरबाट २५ हजार ६ सय, रोल्पा परिवर्तन गाउँपालिका राङकोट जुमा राङ्सी घरभई हाल अमेरिकाको न्युयोर्क बस्ने अरूण बुढामगरबाट १२ हजार आठ सय, आश घर्ती मगरले बताए ।

उल्लेखित रकम बहुचर्चित र प्रसिद्ध सांगितिक कार्यक्रम इन्द्रेणीमा लोकप्रिय गायक प्रेमराजा महत र मध्यान्ह राष्ट्रिय दैनिककी प्रकाशक सिता देवी श्रेष्ठले संयुक्त रुपमा पीडित बालक दिप्शनलाई हस्तान्तरण गरेका थिए । सोही अवसरमा पीडित बालकको उपचारका लागि इन्द्रेणी कार्यक्रमका तर्फबाट संचालक कृष्ण कँडेलद्वारा १५ हजार रुपैयाँ र मध्यान्ह दैनिकका तर्फबाट प्रकाशक श्रेष्ठद्वारा १० हजार रुपैयाँ सहयोग प्रदान गरिएको थियो । यस्तै कार्यक्रममा उपस्थित अन्य सहयोगीहरुले पनि उल्लेखित रकमसमेत गरेर ३५ हजार रुपैयाँ पीडित दिप्शनलाई सहयोग गरेका थिए । सो अवसरमा मध्यान्ह दैनिकका सम्पादक मदनकुमार श्रेष्ठले क्यान्सर पीडित दिप्शनलाई सहयोग हस्तान्तरण गर्ने अवसर जुटाइ दिएकोमा इन्द्रेणीका संचालक कँडेल, श्रीमती प्रतिमा कँडेल र इन्द्रेणी परिवारप्रति आभार प्रकट गरेका थिए । यस्तै पीडित दिप्शनकी आमा बुढामगरले पनि सहयोगी मनहरुप्रति कृतज्ञता व्यक्त गरेकी थिइन् ।

# 'तमु ल्होसार' पर्व मनाइँदै



**काठमाडौं/मस-** गुरुङ समुदायले पुरानो वर्षलाई बिदाई गरी नयाँ वर्षलाई स्वागत गरेर आज 'तमु ल्होसार' पर्व मनाउँदैछन् । 'ल्हो' को अर्थ वर्ष र 'सार' को अर्थ फेरिनु भएकाले वर्ष फेरिने दिनलाई 'तमु ल्होसार' भनिएको हो । तमु ल्होसारलाई गुरुङ समुदायले नयाँ वर्षका रूपमा भव्यरूपमा मनाउँछन् ।

'तमु ल्होसार' पर्व सूर्यको किरणसँग सम्बन्धित छ । गुरुङ बाहुल्य रहेको लमजुङ, गोरखा, तनहुँ, स्याङ्जा, मनाङ, कास्की, पर्वतलगायत जिल्लामा सूर्यको ताप पहिले आउने भएकाले पुस १५ मा यो पर्व मनाउने गरिएको हो ।

यसपछि क्रमशः तामाङ र शेर्पा जातिको बसोबास भएको क्षेत्रमा सूर्यको ताप आउने भएकाले माघ र फागुनमा यो पर्व मनाइने विश्वास गरिन्छ ।

पुस १५ गतेको रात सबैभन्दा लामो हुने र यसपछिका रात घट्दै जाने भएकाले पनि यस पर्वको महत्त्व रहेको बताइन्छ । तमु ल्होसारका अवसरमा आज सरकारले सार्वजनिक बिदा दिएको छ । यस अवसरमा टुँडिखेलमा गुरुङ समुदायले विशेष कार्यक्रमको आयोजना गरेको जनाइएको छ । कार्यक्रममा गुरुङ समुदायका मानिस परम्परागत एवं सांस्कृतिक वेशभूषामा सजिएर सहभागी हुन्छन् । कार्यक्रममा गुरुङ समुदायको परिकार विशेषको समेत प्रदर्शनी गरिने छ ।

यसैबीच तमु ल्होसारको अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले शुभकामना व्यक्त गरेकी छन् । राष्ट्रपति भण्डारीले जारी गरेको शुभकामना सन्देशमा तमु ल्होसार पर्वले आपसी विश्वास र एकताको भावनालाई अभिवृद्धि गर्दै सभ्य, सुसंस्कृत र समुन्नत मुलुक निर्माण गर्न सबैलाई प्रेरणा प्रदान गरोस् भनी कामना गरेकी छन् ।

सन्देशमा भनिएको छ, 'बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विविधतायुक्त नेपाली समाजमा तमु ल्होसारजस्ता पर्वबाट सबै नेपालीबीच आपसी सद्भाव, सहिष्णुता र बन्धुत्वको भावना अभिवृद्धि भई यसबाट राष्ट्रिय एकतालाई थप सुदृढ गर्न मद्दत पुग्ने विश्वावस लिएको छु ।'

तमुल्होसारका दिन गुरुङ समुदायका महिला शिरबन्दी, मखमली चोली, घलेक, पटुकी, छिटको गुन्यु र मजेत्रो तथा पुरुष टोपी, भोटोमाथि भांग्रा, कछाड अनि पटुकी बाँधेर सजिन्छन् । यस अवसरमा घाटु, सोरठी, कौडाजस्ता परम्परागत नृत्य गर्दै रमाइलो गर्ने गर्दछन् ।

नेपालको मौलिक सांस्कृतिक परम्पराको संरक्षण तथा संवर्द्धन गर्दै पर्यटन प्रवर्द्धनमार्फत आर्थिक र सामाजिकरूपमा समृद्ध मुलुक निर्माण गर्नसमेत गुरुङ समुदायले निर्वाह गर्दै आएको भूमिका प्रशंसनीय रहेको सन्देशमा उल्लेख छ ।

नेपालका हिमाली र उच्च पहाडी भेगमा बसोबास गर्ने गुरुङ समुदायद्वारा तमु ल्होसार पर्वलाई नयाँ वर्ष शुरु भएका अवसरका रूपमा हर्षोल्लासका साथ मनाउने गरिन्छ । गुरुङ समुदायको बाहुल्य रहेका लमजुङ, गोरखा, तनहुँ, स्याङ्जा, मनाङ, कास्की, पर्वतलगायतका जिल्लामा यो पर्व धुमधामसँग मनाउने गरिन्छ ।

यसैबीच प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पनि तमु ल्होसारको अवसरमा शुभकामना दिएका छन् ।


## भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि.सं. २०२२
असोज १७ गते

स्वर्गारोहणः
वि.सं. २०७९
पुस ०९ गते

स्व. प्रवीणरत्न बज्राचार्य

नेवाः समाजका कोषाध्यक्ष एबम्
ईम्पेरियल ओभरसिज प्रा.लि. का संचालक
**प्रवीणरत्न बज्राचार्य**
को असामयिक स्वर्गारोहण भएको सातौं दिनको पूण्यतिथिमा दिवंगत आत्मा प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस भन्दै गहिरो समवेदना प्रकट गर्दछौं।

**किसन प्रधान**
(अध्यक्ष)
**नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाज**
परिवार


# किशोरीहरुलाई तालिम



**इटहरी/मस-** सुनसरीको इटहरीस्थित माइती नेपालले बिहीबार विभिन्न समयमा प्रदान गरेको ६ महिने सीपमूलक तालिमको समापनसँगै प्रमाण पत्र वितरण गरेको छ ।

प्रदेश १ का विभिन्न जिल्लाहरुबाट आएका किशोरीहरुलाई संस्थाले ६ महिने सिलाई कटाइ र ३ महिने ब्यूटीसियन सम्बन्धी सीपमूलक तालिम प्रदान गरिएको थियो । तालिम समापनसँगै प्रमाण पत्र वितरण समारोहमा ७ जनालाई सिलाई मेसिन प्रदान गरिएको छ ।

माइती नेपाल पुनर्स्थापना तथा परामर्श केन्द्र प्रदेश १ का कार्यक्रम अधिकृत गोविन्द घिमिरेको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा उपस्थित अधिकांश वक्ताहरुले सीपमूलक तालिम लिएकाहरुलाई शुभकामना दिएका थिए । तालिम लिइसकेपछि सिकेको सीपलाई सदुपयोग गरी व्यवहारमा उर्तानुपर्ने वक्ताहरुले जोड दिएका थिए ।

आफूहरुले सिकेको सीपलाई सदुपयोग गरी व्यवसायतर्फ उन्मुख हुने सिलाई कटाइ तालिममा सहभागी इलाम पशुपतिनगर ३ की आशा राईले बताइन् ।

इटहरी उपमहानगरपालिकाकी उपप्रमुख संगिता कुमारी चौधरीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा उपमहानगरकी सामाजिक विकाश महाशाखा प्रमुख भोजकला दवाडी, नेपाल पत्रकार महासंघ सुनसरी उपाध्यक्ष गणेश निरौला, इटहरी महिला सञ्जालकी अध्यक्ष कमला खडका, गैर सरकारी महासंघ सुनसरीका अध्यक्ष मेघराज न्यौपाने, इटहरी प्रहरीका प्रहरी निरीक्षक तोरण परियार लगायतले शुभकामना मन्तव्य राखेका थिए ।


## हार्दिक श्रद्धाञ्जली

हाम्रा सुभेच्छुक, टार्गेट कन्सल्टेण्ट ह्युमन रिसोर्सेस प्रा.लि.का अध्यक्ष संचालक विवश ढुङ्गानाका पुजनीय पिता
**दुण्डीराज ढुङ्गाना (बलराम)**
को ८५ वर्षको उमेरमा असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पूण्यतितिथिमा दिवंगत आत्मा प्रति चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

**सीतादेवी श्रेष्ठ** (प्रकाशक)
**मदनकुमार श्रेष्ठ** (सम्पादक)
तथा
**मध्यान्ह** दैनिक
परिवार


# काठ तस्करीमा उपभोक्ता समितिका सदस्यकै संलग्नता

**रामकरन हरिजन/मध्यान्ह**
पश्चिम नवलपरासी, १४ पुस



पश्चिम नवलपरासीमा काठ तस्करीमा उपभोक्ता समिति सदस्यकै संलग्नता रहेको पाइएको छ। हरियाली सामुदायिक वन उपभोक्ता समितिका सदस्यलाई प्रहरीले काठसहित पक्राउ गरेको हो । पक्राउ पर्नेमा पश्चिम नवलपरासी सुनवल नगरपालिका वडा नं. ११ बस्ने शेषकान्त ढकाल रहेका छन् । सिसौं जातका रुखहरु अवैध रुपमा कटान गरी गाडीमा लोड गर्दै गरेको अवस्थामा नेपाल प्रहरीले ढकाललाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

सरावल गाउँपालिका १ स्थित हरियाली सामुदायिक वनमा १९ गोलिया काठ लु १ च ७२८२ नं. को पिकअपमा लोड गर्दै गरेको अवस्थामा ढकालसहितलाई बासा प्रहरी चौकीका प्र.ना.नि. यादव न्यौपानेको कमाण्डमा खटिएको संयुक्त टोलीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी भोजराज पाण्डेयले बताए । पक्राउ परेका ढकालसहितलाई आवश्यक कारबाहीको लागि सव डिभिजन वन कार्यालय बर्दघाटमा बुझाइएको छ ।


## हार्दिक श्रद्धाञ्जली



जन्मः
बि.सं. २०२२
असोज १७ गते

स्वर्गारोहणः
वि.सं. २०७९
पुस ०९ गते

स्व. प्रवीणरत्न बज्राचार्य

हाम्रा सुभेच्छुक, नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाजका कोषाध्यक्ष एवं ईम्पेरियल ओभरसिज प्रा.लि. का संचालक **प्रवीणरत्न बज्राचार्य**को असामयिक स्वर्गारिहण भएको सातौं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं ।

**सीतादेवी श्रेष्ठ** (प्रकाशक)
**मदनकुमार श्रेष्ठ** (सम्पादक)
तथा
**मध्यान्ह** दैनिक
परिवार



" आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो "

## हार्दिक श्रद्धाञ्जली

यस प्रा.लि. का अध्यक्ष संचालक विवश ढुङ्गानाका पुजनिय पिता
**दुण्डीराज ढुङ्गाना (बलराम)**
को ८५ वर्षको उमेरमा
असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पूण्यतिथिमा दिवंगत आत्मा प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारमा धैर्यधारण गर्ने शक्ति मिलोस भन्दै गहिरो समवेदना प्रकट गर्दछौं।

**दिपक बस्नेत**
एक्जुकेटिव डाइरेक्टर, तथा
**टार्गेट कन्सल्टेण्ट ह्युमन रिसोर्सेस प्रा.लि.**
परिवार

मध्यान्ह
www.madhyanhadaily.com
१५ पुस २०७९, शुक्रबार
30 December 2022, Friday

## सम्पादकीय

### कांग्रेसले खेल्नुपर्ने भूमिका

हातैमा आएको सत्ताको अवसर गुमाएको नेपाली कांग्रेसभित्र यतिबेला एकअर्काविरूद्ध आरोप-प्रत्यारोप चर्को छ । संस्थापन इतर समूहका नेताहरूले सभापति शेरबहादुर देउवाको राजीनामा नै माग गर्न थालेका छन् । कतिपयले विशेष महाधिवेशनको आवाज उठाएका छन् । संसदको सवैभन्दा ठूलो दल भएर पनि प्रमुख विपक्षी दल बन्नुपर्ने परिस्थिति नेतृत्वकै अक्षमताका कारणले सिर्जना भएको उनीहरूको तर्क छ । त्यो भन्दा पनि संवैधानिक निकायहरू पाँच वर्ष गुमाउनुपर्ने परिस्थितिको चोटमा कांग्रेस नेताहरू छटपटिएको देखिन्छ । किनकि अहिलेको संसदीय समीकरणमा एकपटक नियुक्त भएका संवैधानिक निकायका पदाधिकारी हटाउन सक्ने अवस्था छैन । संविधानले संवैधानिक निकायका प्रमुख र पदाधिकारी हटाउन संसदमा दुई तिहाइ जुटाउनुपर्ने व्यवस्था गरेको छ । तर अहिलेको संसदमा कुनैपनि दलले दुई तिहाइ जुटाउने अवस्था देखिन्न ।

अझ ८९ सिट सहित पहिलो दल बनेको कांग्रेसको पक्षमा दुई तिहाइ जुट्न संभावना लगभग कठिन छ । नेकपा एमाले र एकीकृत समाजवादीले एकताकै प्रक्रिया अगाडि बढाएको सन्दर्भमा कांग्रेसको पक्षमा कुनै हालतमा दुई तिहाइ पुग्दैन । तर एमाले, माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायत मिलेर राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुख देखि सातै प्रदेशको सत्ता बागभण्डा हुँदैछ । यसको अर्थ यी सबै दलमा अहिले नियुक्त हुने व्यक्ति आगामी पाँच वर्ष कायम रहनेछन् । राजीनामा अथवा मृत्यु भएको बाहेकको अवस्थामा संवैधानिक पदहरू रिक्त गर्न सकिने संसदीय समीकरण संभव देखिदैन ।

पहिलो दल भएर पनि सत्ता र संवैधानिक निकायबाट टाढा रहनुपर्ने परिस्थिति कांग्रेसका निम्ति सहज देखिदैन । त्यसैको छटपटी कांग्रेस नेताहरूमा देखिएको छ । एकोहोरो आरोप भने सभापति देउवामाथि लागिरहेको छ । पाँचौं पटक प्रधानमन्त्री भइसकेका सभापति देउवालाई नेतृत्वको हैसियतमा आक्रोश पोखिनु स्वभाविक नै हो । तर कांग्रेसको हातबाट फुत्किसकेको संसदीय समीकरण आरोप-प्रत्यारोपबाट तत्काल फिर्ता हुने संभावना छैन । यस्तो अवस्थामा कांग्रेसले एकपटक आन्तरिक समीक्षा गर्न आवश्यक छ । पार्टी र मुलुकका निम्ति पनि कांग्रेससँग बाँकी बिकल्प नै त्यही हो । कांग्रेसले पाँच वर्षपछि एक्लै बहुमत ल्याउनेगरी सशक्त प्रतिपक्षी भूमिका देखाउँदा नै राष्ट्रिय राजनीति र मुलुकका निम्ति फाइदा हुनेछ । नेतृत्वसहित कांग्रेस नेताहरूले यसतर्फ नै सम्पूर्ण ध्यान केन्द्रीत गर्नु आवश्यक छ ।

# कांग्रेसको आगामी बाटो

*संसदीय खेलमा जे-जसरी नेतृत्व हारेको छ, यसले कांग्रेसभित्र नयाँ पुस्तालाई अवसरको ढोका खोलिदिएको छ । तर, जहिलेपनि सम्भावनासँग चुनौती पनि जोडिन्छ र बोझिलो दायित्व पनि हुन्छ । त्यसलाई सामना र सदुपयोग गर्न जाने पार्टी, देश, जनता र स्वयम् सिंगो पुस्ताको जित हुनेछ । तर, त्यसको लागि बलियो शाहस गर्ने तप्का अगाडि आउनुपर्छ ।*

अग्रलेख



● रवीन्द्रनाथ पोखरेल

गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईमाथि अपमान गर्दै कांग्रेसमा जो-जो जसरी उदाए उनीहरुले खेलेको भूमिकालाई हेर्दा लाग्छ- कांग्रेसमा राजनीतिक संस्कार नै विकास भएको छैन । नेपाली कांग्रेस जंगली युगको अँध्यारो ओढारमा बसेर, असभ्य चेतनाको राडी ओढेर, छाडा उन्मादमा रमाइरहेको छ । यहाँनेर नेपाली कांग्रेसभित्रका ती तमाम सभ्य, सचेत, सुसंस्कृत, निष्ठा र त्यागमा जीवन समर्पित गरेका इमानदार, नैतिकवान र अनुशासित वर्गलाई अपमानित गर्न खोजिएको भने होइन । तर, वास्तविकता नेपाली कांग्रेस निरन्तर एउटा निरंकुश नेतृत्वले कब्जा गरिरहेको अवस्था छ । यसको श्रृंखला र शिलान्यास गिरिजाप्रसाद कोइरालाले गरे भने शेरबहादुर देउवा, रामचन्द्र पौडेललगायतका केही पात्रका कारण अहिलेसम्मको परिस्थितिमा प्रजातान्त्रिक समाजवादको विचारलाई बन्धक बनाएर छिमेकी मुलुक र पश्चिमा शक्तिको आडमा देशका हरेक संरचना र निकाय ध्वस्त बनाउने काम भए । २०१५ सालको आम निर्वाचनमा दुई तिहाइ मत ल्याउँदा, २०४८ र २०५६को निर्वाचनमा बहुमत ल्याउँदा पनि कांग्रेसले देश र जनताको निम्ति काम गर्न सकेन । समृद्धि र समुन्नतिका लागि काम गर्लान् भन्दा उल्टै भ्रष्टाचारमा निर्लिप्त भएर नेतृत्व डुबे । यद्यपि, जनताको विश्वास भने पार्टीको नीति र विचारमा बगिरहेको छ ।

पानीको मुल मुहानमै हाँगा फाट्न थालेपछि नदिले बाटो बदल्नु या कहीं कतै केही कारणले अवरुद्ध हुनु, भङ्गाला फाट्नु कुलोमा पानीको बहाव कम भएपछि फाँटमा धाँजा चिरिनु स्वभाविक हो । यस अर्थमा जनता दोषी छैनन्, बरु निरीह छन् । तर, बुढ्यौली उखान छ कि "बाह्र वर्षमा खोलो पनि साविक ठाउँमा फर्कन्छ" यसरी हेर्दा, यो समय नेपाली कांग्रेसका लागि मात्रै विनाशकारी हावा हुण्डरी आएन कि देश र जनताको लागि अझ महामारीरूपमा नै विध्वंशकारी सावित भयो । यद्यपी, समय आएपछि सबै मेसो सोझिने छ । निराशा पाल्न हुन्न आशाको सपना देख्नुपर्छ । विपनामा उत्रने छ, अबको समय आशावादीहरुको हो ।

छर्लङ्ग देख्दादेख्दै पनि नेतृत्व तहका जो छन् तिनीहरूसँग पैसा छ, शक्ति छ, विदेशीको आशिर्वाद पनि । तिनिहरु अत्यन्तै लोभी पापी छन् । तथापी हिजोदेखिको आशाको कारण उनीहरुले चुनाव जितिरहेका छन् । पार्टीको नीति र विचारलाई बेचेर खाएका भएपनि जनताले अझै पत्याएकै छन् । जनतामा अझै पनि दोस्रो तहका नेताहरुले पार्टीलाई ठाउँमा ल्याउँछन् भन्ने आशा छ । यद्यपि, पार्टी नेतृत्व र तिनका मतियारको होसमा चेतना भन्ने वस्तु बिलिन छ । मात्र मक्किएको, जीर्ण छालाले छोपेको रित्तो अस्थिपन्जर मस्तिष्क बोकेर दिन कुरेका छन् । यथार्थ यसपटकको पार्टीको संसदीय दलको चुनावमा भएको खेल र गठबन्धन शक्तिलाई प्रभावमा पार्न नसक्नुले पुष्टि गरिसकेको छ । यसलाई बढी व्याख्या र बहस गर्नु आवश्यक छैन ।

जब पार्टीको विचार र केन्द्रीय समितिका अधिकांश केन्द्रीय सदस्यहरुको छलफल, सल्लाह, सुझाव र राय विपरीत गएर नेतृत्व पंक्तिले चुनावी गठबन्धन नगर्नु थियो गरिसकेपछि र गठबन्धनको चुनावमा पार्टीप्रति प्रतिबद्ध जनता तथा मतदातालाई अर्को पार्टीका उम्मेदवारको पक्षमा समेत बलजफ्ती मत हाल्न बाध्य बनाएपछि गठबन्धन टिकाउनु पर्थ्यो । तर, त्यसो भएन । किन भएन छर्लङ्ग छ । पार्टी कार्यालय वा बालुवाटारमा पार्टीको बैठक राखेर बृहत छलफल गर्नु पर्नेमा सो नगरीकन बुढानिलकण्ठको कुनामा, संसदीय दलका पदेन सदस्यलाई समेत थाहा नदिएर, हातमा आएको माछालाई बालकोटमा मध्यरातमै बली चढाउने काम भयो । यस्तो असफल नेतृत्व र संसदीय दलको नेतालाई अब पार्टीको नेतृत्वमा बस्ने कुनै नैतिक आधार छैन । नैतिकताका कारणले पनि पदमा बस्नु हुँदैन । तर, चेतना नै नभएको शून्य अस्थिपन्जरले नैतिकता कहाँबाट बुझोस् र राजीनामा दिन्छ ।

तथापी, अब भने नेतृत्व मात्रै होइन कि नेपाली कांग्रेसमा दोस्रो बरियताको जंगली युग र छाडापन भने समाप्त भएको छ । अबको नयाँ पुस्ताको अवसरको सम्भावना उत्तिकै बढेको छ । जे-जसरी नेतृत्व हारेको छ यसले कांग्रेसभित्र नयाँ पुस्तालाई अवसरको ढोका खोलिदिएको छ । तर, जहिलेपनि सम्भावनासँग चुनौती पनि जोडिन्छ र बोझिलो दायित्व पनि हुन्छ । त्यसलाई सामना र सदुपयोग गर्न जाने पार्टी, देश, जनता र स्वयम् सिंगो पुस्ताको जित हुनेछ । तर, त्यसको लागि बलियो शाहस गर्ने तप्का अगाडि आउनुपर्छ ।

Feel free to report against fraud, illegal activities or corruption in Top Glove's Hotline number +977 9801137769 or email at grievance@imrsolution.com. We shall maintain your confidentiality.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अधिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुढनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

International Manpower Recruitment (P) Ltd.
Gwarko 7, Lalitpur, Nepal, Tel.: 01-5204346, 5204347, 5204348
Mobile No.: : +977 9801031586, 9818979632, 9801045628.
License No. 309/059/060
For Location:

मध्यान्ह
www.madhyanhadaily.com
१५ पुस २०७९, शुक्रबार
30 December 2022, Friday

## फेरि बढ्न थाल्यो कोरोना

# 'बी एफ ७' भेरिएन्ट बढी संक्रामक

अस्मिता बम/मध्यान्ह
काठमाडौं, १४ पुस



नेपालमा फेरि कोरोना भाइरस संक्रमणको दर बढ्न थालेको छ। पछिल्लो २४ घण्टामा नेपालमा थप १४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ।

स्वास्थ्य मन्त्रालयका अनुसार ८५८ जनाको नमुना परीक्षणमध्ये ३१९ जनाको पीसीआर परीक्षण गर्दा १४ जनामा संक्रमण देखाएको हो । यस्तै बिहीबार २७ जना कोरोनाका संक्रिय संक्रमित पुगेका छन् ।

यसअघि मंगलबार ५ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो भने १६ जना कोरोनाका संक्रिय संक्रमित थिए । यस्तै सोमबार १ जनामा कोरोना संक्रमित थिए भने १० जना कोरोनाका सक्रिय संक्रमित थिए। बिहीबार १३ हजार ३३८ जनाले खोप लगाइसकेको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

**'बी एफ ७' भेरिएन्ट बढी संक्रामक**

चीन र भारतमा देखिएको कोरोना भाइरसको नयाँ भेरिएन्ट छोटो समयमा नै धेरै व्यक्तिमा संक्रमण गर्ने खालको रहेको बताइएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले छिमेकी मुलुक चीन र भारतमा देखिएको ' बी एफ ७' नामक प्रजातिको नयाँ भेरिएन्ट चाँडै नै अरुमा सार्ने खालको रहेको जनाएको छ। मन्त्रालयकै इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा.चुमनलाल दासले अध्ययनअनुसार कोरोना भाइरसको अरु प्रजातिभन्दा सो भाइरसले धेरै मानिसममा संक्रमण सार्ने बताए । उनका अनुसार 'बी एफ ७' ले अरु भेरिएन्ट भन्दा तीन-चारगुणा बढी सङ्क्रमण सार्ने गर्दछ। 'चीन र भारतमा यस किसिमको नयाँ भेरिएन्ट फैलिरहेको छ । भारतमा पाँच जनामा देखिएको छ', उनले भने, 'भारतमा देखिएकाले हामी सतर्कता अपनाउनु पर्दछ ।'

नेपालमा भने 'बी एफ ७' नामको नयाँ भेरिएन्ट अझै फेला नपरेको मन्त्रालयले जनाएको छ। एक महिनामा देशका विभिन्न ठाउँबाट संकलन गरिएको ४८ नमुनाको जिन सिक्वेन्सिन गर्दा 'बी एफ ७' नामक प्रजातिको भेरिएन्ट फेला नपरेको हो ।

मन्त्रालयले नयाँ भेरिएन्ट को जोखिम हुन नदिनका लागि नेपाल-भारत सीमानाका र अन्तर्राष्ट्रिय विमानस्थलबाट नेपाल आउने यात्रुको ज्वरो नाप्ने, शंकास्पद व्यक्तिको एन्टिजेन परीक्षण र जीन सिक्वेन्सिङ गर्ने कार्य गरिरहेको छ।

**'तपाईंको मास्क खोइ' अभियान फेरि शुरु**

ट्राफिक प्रहरीले 'तपाईंको मास्क खोइ ?' अभियान फेरि शुरु गरेको छ। काठमाडौं उपत्यकाका विभिन्न स्थानमा ट्राफिक प्रहरीहरु मास्क खोइ लेखिएका सचेतनामुलक प्लेकार्ड बोकी सडकमा देखिन थालेका छन्। काठमाडौं उपत्यका ट्राफिक प्रहरी महाशाखाका प्रवक्ता वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले कोभिड-१९ को सम्भावित जोखिमलाई ध्यान दिँदै नागरिकलाई सचेत गराउन ठाउँठाउँमा प्लेकार्ड र सचेनामूलक काम पुनः सञ्चालन गरेको बताए ।

'अहिले धेरै जनाले मास्क लगाउन छाडिसक्नुभएको छ । छिमेकी मुलुकमा देखिएको कोभिड-१९ को महामारीको जोखिममा हामी पनि छौं', उनले भने, 'त्यसैले मास्क प्रयोग गर्न नबिर्सौं भन्ने चेतनाका लागि प्लेकार्डको प्रयोग गर्ने र उहाँहरुलाई सुझाव दिने काम भइरहेको छ ।' मंगलबार काठमाडौं जिल्ला कार्यलय जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा स्थानीय तहले सार्वजनिक स्थान र सवारी साधानमा हिंड्नेलाई सुसूचित गर्ने र जनचेतना फैलाउनेसम्बन्धी छलफल भएको थियो । ट्राफिक प्रहरीले सोही छलफलपछि मास्क प्रयोग भन्ने सन्देश दिइरहेको उनले बताए । जिल्ला प्रशासन कार्यालय काठमाडौंका सूचना अधिकारी देवी पाण्डे खत्रीले अहिले नयाँ भेरियन्टको संक्रमण नदेखिए पनि उच्च सतर्कता अपनाउनका लागि मास्कको प्रयोग बढाउन र रोगको रोकथामका लागि सचेतना बढाउन आग्रह गरिएको बताए । 'गृहमन्त्रालयले सूचना पनि प्रकाशित गरेको थियो, त्यसपछि डिडिएमसीको बैठकमा जिल्ला समन्वय समितिको प्रमुख, समन्वय अधिकारी, प्रमुख जिल्ला अधिकारी तथा स्वास्थ्य कार्यालय प्रमुखहरुसँगको छलफलपछि स्वाथ्य सतर्कता मापदण्ड पालना बढाउने निर्णय गरेका थियौं', उनले भने। छिमेकी राष्ट्र चीन र भारतमा फैलिएको कोभिड-१९ को नयाँ भेरियन्ट बीएफ डट सेभेन (बीएफ डट ७) हालसम्म नेपालमा पुष्टि नभए पनि जोखिम उच्च भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा सञ्जयकुमार ठाकुरले बताए । 'छोटो समयमा धेरै व्यक्तिलाई संक्रमण फैलाउन सक्ने यो भेरियन्ट हाम्रो खुल्ला सिमाना र आवातआवतका कारण नेपाल भित्रिने जोखिम कायम छ', उनले भने । उनका अनुसार मन्त्रालयले पहिचान रोकथाम र नियन्त्रण र उपचार व्यवस्थापनका लागि तीनै तहका सरकारको सहकार्यका लागि अनुरोध गर्दै आएको छ। 'अहिले सीमा नाका र अन्तर्राष्ट्रिय विमानस्थलबाट नेपाल भित्रिनेहरुको ज्वरो नाप्ने र शंकास्पद व्यक्तिको एन्टिजेन परीक्षण भइरहेको छ', उनले भने ।

सिँगान बग्ने, हाँच्छ्युँ धेरै आउने, ज्वरो, खोकी लाग्नुका साथै घाँटी टाउको दुख्ने, र श्वासप्रश्वासमा समस्या आउने तथा स्वाद हराउने कोभिड-१९ का मुख्य लक्षण हुन् । तर कतिपय अवस्थामा लक्षणका आधारमा सामान्य रुघाखोकी, फ्ल्यु र कोभिड-१९ बीचको भिन्नता छुट्याउन नसकिने डा ठाकुर बताउँछन्। 'कोभिड-१९, रुघाखोकी वा फ्ल्युको लक्षणका आधारमा भिन्नता छुट्याउन गाह्रो हुन्छ । तपाई कोभिड-१९ भएको थाहा पाउने सबैभन्दा उत्तम उपाय भनेकै स्वास्थ्यकर्मीको सल्लाहमा यसको परीक्षण गर्नु हो', उनले भने । उनले चाडपर्व मनाउदा भीडभाड नगर्ने, भौतिक दूरी, मास्कको प्रयोग साबुन पानीले हात धुने, हाँच्छयुँ गर्दा कुँइनाले मुख छोप्ने र सेनिटाइजरको प्रयोग गर्न चिकित्सकले सुझाव दिएका छन्। कोभिड १९ विरुद्धको दुवै डोज खोप प्रयोग गरिसकेकाले अतिरक्त मात्रा वा बुस्टर खोप लगाउन उनको सुझाव छ ।

तथ्यांक अनुसार हालसम्म दुई करोड २३ लाख २४ हजार नौ सय ३३ जनाले पूर्ण मात्रा खोप लगाएका छन् । साथै ७९ लाख ७२ हजार सात सय ९१ जनाले मात्र अतिरिक्त मात्राको खोप लगाएका छन् । मन्त्रालयले सबैमा खोपको पहुँच, एकीकृत र सुदृढ रोग निगरानी र महामारी प्रतिकार्यका लागि निरन्तर प्रयास गर्दै आएको प्रवक्ता डा. ठाकुरको भनाइ छ ।

**मास्क र सेनिटाइजर प्रयोग गर्न त्रिविको आग्रह**

त्रिभुवन विश्वविद्यालयले कोरोना भाइरसको संक्रमण जोखिम बढिरहेकाले जनस्वास्थ्यको मापदण्ड अपनाउन आग्रह गरेको छ। त्रिवि कोभिड रेस्पोन्स समितिका सदस्य सचिव योगेन्द्रप्रसाद दाहालले छिमेकी मुलुक चीन र भारतमा कोरोना भाइरसको नयाँ भेरियन्ट देखिएकाले त्रिविअन्तर्गतका विभिन्न निकायमा जनस्वास्थ्यका मापदण्ड प्रयोग गर्न निर्देशन दिएको बताए।

उनका अनुसार त्रिविका विभिन्न निकायमा मास्क तथा सेनिटाइजरको प्रयोग गर्न, भौतिक दूरी कायम राख्न तथा व्यक्तिगत सरसफाइमा ध्यान दिन आग्रह गरिएको छ । नेपालमा कोभिड-१९ को संक्रमण कम हुँदै गएको छ। तर विश्वव्यापीरुपमा छिमेकीलगायत केही देशमा उक्त रोगको नयाँ भेरियन्ट विएफ ७ देखा परेको छ। त्यसैले नेपालमा सचेतना अपनाउनुपर्ने भएकाले त्रिविअन्तर्गतका निकायमा भीडभाड नगर्न र जनस्वास्थ्यका मापदण्ड अपनाउन आग्रह गरिएको त्रिविले जनाएको छ । नेपालमा नयाँ भेरियन्टको पुष्टि भएको छैन । छिमेकी मुलुक भारत र चीनमा नयाँ भेरियन्ट देखिएकाले नेपाल उच्च जोखिममा रहेको छ ।

# प्रतिष्ठानलाई स्पष्टीकरण

**काठमाडौं/मस**–स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिस्ट्रार र अस्पताल निर्देशकलाई स्पष्टीकरण सोधेको छ। मन्त्रालयले काठमाडौंको महाराजगञ्जस्थित बीपी कोइराला लायन्स नेत्र अध्ययन केन्द्रका निर्देशकलाई पनि २४ घण्टाभित्र स्पष्टीकरण माग गरेको छ ।

आर्थिक वर्ष २०७९/८० को प्रथम त्रैमासमा सञ्चालित विकास कार्यक्रम र आयोजनाहरुको समीक्षा बैठकमा प्रतिष्ठानका पदाधिकारी उपस्थित नभएको भन्दै धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिस्ट्रार र अस्पताल निर्देशकसँग स्पष्टीकरण माग गरेको हो ।

मंगलबार सञ्चालन भएको मन्त्रालय स्तरीय विकास समस्या समाधान उपसमितिको बैठकमा उपस्थित नभएपछि उनीहरुलाई स्पष्टीकरण सोधिएको मन्त्रालयले जनाएको छ ।

'उपसमितिजस्तो महत्वपूर्ण बैठकमा के कति कारणले उपस्थित हुन नसकेको हो ? सो को स्पष्टीकरण पत्र प्राप्त भएको २४ घण्टाभित्र पठाउन मन्त्रालयको सचिव स्तरको निर्णयअनुसार जानकारी गराइन्छ,' मन्त्रालयको पत्रमा भनिएको छ ।


## मलेसियामा रोजगार | कम्पनी : English Hotbreads (Sel) SB
शहर : Malaysia, Lealangor

पूर्व स्वीकृत मितिः २०७९/०९/१४ चलानी नं.: ६०१९४१०१ LT. No.: 278467

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Rm | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४४,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष २२ गते (6 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनूहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Seagull International Global H.R. Consultants Pvt. Ltd.
(Birad Associates Pvt. Ltd.)
Sukedhara-4, Kathmandu, Nepal | Tel : 01-4375822, 01-4375824
Mobile: 9847754585, 9808818854, E-mail: cm.birad@gmail.com
ईजाजत न.: ४०७/०६०/०६१



## कुवेतमा रोजगार | कम्पनी : HYDROTEK ENGINEERING COMPANY
शहरः Kuwait

पूर्व स्वीकृत मितिः २०७९/०७/२७ चलानी नं.: ६०१८९२६० LT. No.: 273751 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 150 | 0 | स. काममा दक्ष | 100 | ४३,१८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष २१ गते (5 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Chandra Kamana Manpower Pvt. Ltd.
Gov. Lic. No.: 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4442876, 4438339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com


## झापा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

टाघनडुब्बा, झापा
१ नं. प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

प्रकाशित मितिः२०७९/०९/१४

यस कार्यालयको मिति २०७९/०६/१४ गतेको मध्यान्ह रास्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना NCB/JHAPA/JRM/03/2079–80 को "Construction of Ga.Pa. Prasasakiya Bhawan" बमोजिम पेश भएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रहरु सारभुतरुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) बमोजिम तपसिलको स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोलिने व्यहोरा सरोकारवाला सबैको जानकारीको लागि अनुरोध छ ।

तपसिलः

| सि.न | ठेक्का प्याकेज | सारभुतरुपमा प्रभाव ग्राही बोलपत्रदाता हरुको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने स्थान र मिति |
|---|---|---|---|
| १. | Construction Of Ga.Pa Prasasakiya Bhawan (NCB/JHAPA/ JRM/03/2079-80) | 1. SAS Construction Pvt.Ltd, Biratnagar-16, Morang<br>2. Shantidevi/Adarsha J.V, Kathmandu, Nepal<br>3. Siddhakali-Newdeep Jyoti-Raj Builders Pvt.ltd, Bhadrapur-08, Jhapa<br>4. Khan Builders and suppliers Pvt.Ltd, Inaruwa,Sunsari<br>5. Satashi Nirman Sewa, Shivasatakshi-8, Jhapa | स्थानः झापा गाउँपालिकाको कार्यालय, टाघनडुब्बा, झापा<br>मिति र समयः २०७९/०९/२१ गते दिनको १:०० बजे |

प्रमुख प्रशासकीय अधिकृत


## मलेसियामा रोजगार | कम्पनीः UMR CLEANING SERVICES SDN. BHD.
शहरः Malaysia, Jalan

पूर्व स्वीकृत मितिः २०७९/०९/१४ चलानी नं.: ६०१९४०९७ LT. No.: 278388

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४४,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ पुष २२ गते (6 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

SALAM OVERSEAS SERVICES PVT.LTD.
Samakhushi,Town Planning 26 Kathmandu, Nepal
Tel.: 4362777, 4363444, Email: info@salamoverseas.com.np, salamoverseashr@gmail.com
Web: www.salamoverseas.com.np
श्रम इजाजत पत्र नं. १४८०/०७४/०७५



## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनीः AL ZUMORUD TECHNICAL SERVICES शहरः AJMAN
पूर्व स्वीकृत मितिः २०७९/०८/१९ चलानी नं.: ६०१९२९३३ L.T. No.: 277342 पुनर्विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 81 | 7 | स. काममा दक्ष | 800 | २८,८१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनीः A J SECURITY GUARD SERVICES शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०७८/०८/१५ चलानी नं.: ६०१८५६६२ L.T. No.:252071 पुनर्विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 17 | 3 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,२२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard (PSFRD) | 22 | 1 | सम्बन्धित काममा दक्ष | 2000 | ७२,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०७९ पुस २२ गते (6 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

AIR KINGS PLACEMENT PVT. LTD.
साविक (VRINDIT SERVICES PVT. LTD.)
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
AKP Gov. Lic. No. 712/064/065



## साउदी र मलेसियामा रोजगार | १. कम्पनीः Radhi Sneed's farm Lafi Al-Shammari
शहरः Riyadh

पूर्व स्वीकृत मितिः २०७९/०९/१४ चलानी नं.: ६०१९४०२६ LT. No.: 278612

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनीः Ibrahim Omar Al Ateeq Livestock Farm शहरः Riyadh
पूर्व स्वीकृत मितिः २०७९/०९/१४ चलानी नं.: ६०१९४०२५ LT. No.: 278613

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Worker | 4 | 0 | स. काममा दक्ष | 1800 | ६३,३२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

Note: Ibrahim Omar Al Ateeq livestock Farm requires Vet Technician who have diploma in Animal science or 18 months course.

३. कम्पनीः CENTURY GEAR MACHINERY SDN BHD शहरः Malaysia, Klang
पूर्व स्वीकृत मितिः २०७९/०९/१४ चलानी नं.: ६०१९४०१३ LT. No.: 278371

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 9 | 0 | स. काममा दक्ष | 1500 | ४४,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

४. कम्पनीः GINZA SUSHI RESTAURANT SDN. BHD. शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०९/१४ चलानी नं.: ६०१९४०८५ LT. No.: 278464

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant | 10 | 0 | स. काममा दक्ष | 1500 | ४४,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ |

५. कम्पनीः YICHIBAN SDN. BHD. शहरः Malaysia
पूर्व स्वीकृत मितिः २०७९/०९/१४ चलानी नं.: ६०१९४१०७ LT. No.: 278465

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant | 10 | 0 | स. काममा दक्ष | 1500 | ४४,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष २२ गते (6 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

वि. एस. ओभरसिज प्रा. लि.
B.S. OVERSEAS PVT. LTD.
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@ gmail.com
website: www.bsoverseasnepal.com.np
श्रम इजाजत नं. ५४०/०६१/०६२
ISO 9001 : 2015 CERTIFIED
Regd No : 19313/A/001/En



## कुवेतमा रोजगारको अवसर | कम्पनी : AL-MONASH TIME FOR JUICE COMPANY
शहरः Kuwait

पुर्व स्वीकृत मितिः २०७९/०९/१४ चलानी नं.: ६०१९४१०८ L.T. No.: 278655

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५६,१४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Juice Maker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६०,४६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 3. | Waiter/waitress | 5 | 5 | सम्बन्धित काममा दक्ष | 120 | ५१,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ पुष २२ गते (6 January 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अल रायन इन्टरप्राइजेज प्रा. लि.
पो.ब.नं. ५०९१, सिनामंगल, काठमाडौं, नेपाल, फोनः ४४१२१७१
मोः ९८५१०६०१८५, Email: alryannepal@gmail.com
श्रम इजाजत नं. ४१६/०६०/०६१

# तन्नेरी अवस्थामै हृदयघात हुनेको संख्या बढ्यो



**काठमाडौं/रासस**–तन्नेरी अवस्थामा नै मानिसमा अहिले बढी हृदयघात हुने गरेको पाइएको छ। मानिस तन्नेरी अवस्थामा नै निष्क्रिय जीवनशैली, चुरोट, सुर्ती तथा खैनीको अत्यधिक सेवन, मोटोपनाका कारणले हृदयघातको समस्या बढिरहेको छ ।

शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रका निर्देशक चन्द्रमणि अधिकारी हृदयघात हुने १२ प्रतिशत ४५ वर्षमुनिका युवा रहेको बताउँछन् । 'युवाहरुमा बढ्दै गएको चुरोट तथा सुर्ती सेवनको कारणले हृदयघातको समस्या बढ्दै गएको छ । खासगरी ४५ वर्ष मुनिका २० प्रतिशत युवामा हृदयघात चुरोट र सुर्ती सेवन मुख्य कारक देखिएको छ,' उनले भने ।

उनका अनुसार अहिले अस्पतालमा हृदयघात भएर आउने धेरै युवा चुरोट र सुर्ती सेवनका कारण भएको पाइन्छ । चुरोट र सुर्तीबाहेक युवामा बढ्दै गएको अस्वस्थ्य खानपान, मोटोपना, तनावजस्ता कारणले पनि युवा उमेरमा नै हृदयघात हुने गरेको उनको तर्क छ ।

चुरोट र सुर्तीका अलवा हृदयघात वंशाणुगतका कारण पनि हुने गरेको चिकित्सकहरु बताउँछन्। चिकित्सकका अनुसार ४५ वर्ष कटेपछि जो कोहीले पनि वर्षमा एकपटक तथा धूममान गर्ने, कोलेस्ट्रोल बढी र मोटोपना भएका मानिसले भने एकपटक मुटुको जाँच गराउन आवश्यक हुन्छ। खासगरी पुरूष ५५ र महिला ६५ वर्ष नाघेपछि, उच्च रक्तचाप, मधुमेह, कोलेस्ट्रोल मोटोपना, हर्मोन, चिल्लो खानापन, तनाब कारणले हृदयघात हुने गरेको पाइन्छ ।

## जाडोमा हृदयघात बढी

जाडोमा हर्मोनको कारणले पनि हृदयाघात हुनसक्छ । बिहान ८ बजेतिरको समयमा बढी हुने गर्दछ। शरीरमा हर्मोन बनिरहेका हुन्छन् । जाडो मौसममा बिहानको समयमा हर्मोनको सक्रियता धेरै हुनेगर्छ ।

हर्मोनको सक्रियता धेरै हुँदा उच्च रक्तचाप बढ्ने, मुटुको चाल बढ्ने हुन्छ । चिसो समयमा बेलामा मुटुको नशा साँघुरिएको छ भने मुटुको चाल बढ्दा मुटुलाई रगत पुग्दैन र त्यसलाई थाम्न नसक्दा हृदयाघात हुने गरेको केन्द्रका वरिष्ठ मुटुरोग विशेषज्ञ डा.दिपकंर प्रजापतिले बताए ।

'हर्मोन सक्रिय हुँदा बिहानीपख उच्च रक्तचाप हुने, मुटुको चाल बढ्ने जस्ता कारणले मुटुको नशा साँधुरो छ भने मुटुको चाल बढेको बेला रगत पुग्दैन,' उनले भने, 'मुटु रोगीलाई बिहानको हिँडाइमा हृदयघात हुने सम्भावना बढी हुन्छ ।'

यस्तै धेरैजसो आत्तिने, झगडा गर्ने बेला पनि मुटुको चाल र उच्च रक्तचाप भएर मानिसमा हृदयघात हुने गरेको केन्द्रका वरिष्ठ मुटुरोग विशेषज्ञ डा.प्रिजापतिले जानकारी दिए। हृदयघातबाट बच्नका लागि चुरोट र सुर्ती खान कम गर्ने, उच्चरक्तचाप घटाउने, मधुमेह नियन्त्रण, कोलेस्ट्रोल नियन्त्रण, तनाव नियन्त्रण र मोटोपना कम गर्नुपने चिकित्सकहरुको सुझाव छ ।

## व्यायाम गर्नेमा कम हृदयघात

नियमित व्यायाम गर्ने मान्छेमा भन्दा व्यायाम नगर्ने मान्छेमा हृदयघात हुने सम्भावना रहेको केन्द्रका कार्यकारी निर्देशक डा अधिकारीले बताए । उनका अनुसार सय जना व्यायाम गर्ने मान्छेमा एक जनालाई जीवनभर हृदयघात हुन्छ भने व्यायाम नगर्ने मानिसमा सय जनामा १० जनामा हृदयघात हुनसक्दछन् ।

केन्द्रले ३ सय ४० जनामा गरेको अध्ययनमा हृदयघात भएका ८८ प्रतिशतलाई छाती दुखेको थाहा भएको र २४ प्रतिशतले रोग मुटुको हो भन्ने थाहा पाउने गरेको पाइएको छ। नेपालीहरु छाती दुखे भने ढिलो उपचारका लागि आउने गरेका उनले बताए । अध्ययनअनुसार ९२ प्रतिशत मानिस नजिकैको स्वास्थ्य चौकीमा पुगेको पाइन्छ ।

## लक्षण कसरी थाहा पाउने ?

छाती भारी जस्तो हुने, छातीमा ढुंगा राखेको जस्तो लाग्छ, अलिकति हिँड्यो भने त्यो दुखाई बढ्न जान्छ र आराम गऱ्यो भने कम हुन्छ । यस्तो हुनु भनेको नशा साँधुरो हुनु हो र मुटुलाई रगत पुगेको छैन भन्ने थाहा हुन्छ ।

हृदयघात हुने बेला रगत मुटुमा जान पाउँदैन। हृदयाघात भनेको मुटुमा रक्तसञ्चार नहुनु हो। त्यतिबेला दुखाई निरन्तर भइरहन्छ र आराम गर्दा पनि कम हुँदैन ।

## दैनिक पाँच जना हृदयघातका बिरामी

केन्द्रका निर्देशक डा.अधिकारीका अनुसार दैनिक सात सय जना बहिरङ्ग सेवामा मुटुका बिरामी आउने गर्दछन् भने आकस्मिक कक्षमा ५० भन्दा बढी मुटुका बिरामी आउने गर्दछन् । उनका अनुसार दैनिक पाँच जना हृदयघातका बिरामी अस्पतालमा आउने गरेका छन् । अस्पतालमा हृदयघातका बिरामी २४ घण्टाभन्दा पछि आउने गरेका छन् ।

उनले जतिछिटो बिरामी अस्पतालमा आए त्यति नै मुटुको नशा खोलेर मांसपेशीमा रगत सञ्चालन गर्न सकिने बताए । हृदयघात भएका बिरामी १२ घण्टाभित्र अस्पतालमा आउने सके बचाउन सकिने उनको भनाइ छ ।

केन्द्रले हृदयघात भएका बिरामीलाई २४ घण्टा नै एन्जियोप्लाष्टी (मुटुको नशा खोल्ने प्रविधि) गरेर बचाउने गर्दछ । हृदयघात भएर आएको एक घण्टाभित्रमा बिरामीको एन्जियोप्लाष्टी गर्न सकिन्छ ।

एउटा एन्जियोप्लाष्टी गर्नेका लागि एक लाख ५० हजार खर्च लाग्ने गर्दछ। तर तिर्न नसक्ने गरिब असाहयका लागि केन्द्रले विगत दुई वर्षदेखि भने निःशुल्क एन्जियोप्लाष्टी गर्ने गरेको छ  हृदयघात भएको मानिसको मुटुमा रगतको आपूर्ति बन्द भएपछि मुटु दुख्न थाल्दछ । मुटुको मासु मरिसकुन्जेल छाती दुख्ने गर्दछ। केन्द्रले प्राइमरी एन्जियोप्लाष्टी गरेका बिरामीलाई चार/पाँच दिनमै अस्पतालबाट घर पठाउने गरेको छ ।  केन्द्रमा २४ घण्टा नै हृदयघात भएका बिरामीको प्राइमरी एन्जियोप्लाष्टिक गर्नका लागि १५ जना जनशक्तिसहित चार वटा शल्यक्रिया थ्रेयटर (क्याथल्याब) तयारी अवस्थामा राखिएको हुन्छ। केन्द्रमा प्रत्येक महिना ५० जनाको प्राइमरी एन्जिओप्लाष्टिक गरेर हृदयघात भएका बिरामीलाई बचाउने गरेको उनले बताए। केन्द्रमा सन् २००६ देखि एन्जिप्लाष्टिक हुँदै आएको छ ।

पहिलो पटक हृदयघात हुँदा १०० जनामध्ये २३ जनाको मृत्यु अस्पताल नपुग्दै हुनेगर्दछ । हृदयघात भएर अस्पताल आएका बिरामीमध्ये सात प्रतिशतको अस्पतालमै मृत्यु हुने गरेको छ । विगत १० वर्षको तथ्यांक हेर्दा अस्वस्थ्य खानपान र जीवनशैलीमा आएको परिवर्तनले हृदयघात हुनेको संख्यामा दोब्बर वृद्धि भएको छ ।

गंगालालमा सन् २०१२ मा चार सय ९५ जनामा हृदयघात भएका थिए भने सन् २०१८ मा तीन गुणा बढेर एक हजार चार सय ६० पुगेको थियो । उनका अनुसार २०२० मा एक हजार छ सय ९८ र सन् २०२१ मा दुई हजार दुई सय ७३ जना अस्पतालमा भर्ना भएका छन्। विगत १० वर्षको तथ्यांक हेर्ने हो भने मुटु रोगका बिरामीमध्ये ५० प्रतिशत त हृदयघात भएका बिरामी मात्र नै छन् ।

## 'सरकारी वकिललाई थप बलियो बनाउने प्रयास गर्नेछु'

**काठमाडौं/मस**–महान्यायाधिवक्ता डा.दीनमणि पोखरेलले आफूले सरकारी वकिललाई थप बलियो बनाउन सक्दो प्रयत्न गर्ने बताएका छन् ।

राष्ट्रपति कार्यालयबाट पद तथा गोपनीयताको शपथ लिएर महान्यायाधिवक्ताको कार्यालयमा पदभार ग्रहण गर्दै उनले नियमित कामका साथै थप सुधारका कामलाई प्राथमिकता दिने बताए । 'मेरो कार्यकाल कति रहन्छ, त्यो समयभित्र प्रभावकारी तरिकाले काम गर्नेछु', उनले भने, 'संस्थालाई थप बलियो र राम्रो बनाउने काममा मेरो प्रयास रहनेछ।' उनले सरकारी वकिलका सेवा शर्तसम्बन्धी छुट्टै ऐन बनाउन पहल गर्नेसमेत बताए । एउटा व्यक्तिले मात्र सुधारका कार्य सम्भव नभएको हुनाले सामूहिक काममा आफूले विश्वास गर्ने भन्दै यसअघिका महान्यायाधिवक्ताले गरेका सबै राम्रो कामलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे ।

## भाटभटेनीलाई जरिवाना

**बागमती/मस**–जिल्ला प्रशासन कार्यालय मकवानपुरले हेटौँडामा सञ्चालनमा रहेको भाटभटेनी सुपरमार्केटलेउपभोक्तालाईबिलबिजकमा गलत विवरण समावेश गरको आरोपमा रु.दुई लाख ५० हजार जरिवाना गरेको जनाएको छ ।

कार्यालयका अनुसार सो सुपर मार्केटले बिलबिजकमा गलत विवरण समावेश गरी उपभोक्ता ठगी गरेको, उत्पादन तथा उपभोग्य मूल्य र मिति उल्लेख नगरेको एवं चिनी तथा नुन पुनःप्याकिङ गरेको पाइएपछि कारवाही गरिएको बताइएको छ । जिल्ला प्रशासन कार्यालय मकवानपुरका सहायक प्रमुख जिल्ला अधिकारी हरिदत्त कँडेलको नेतृत्वमा खटिएको टोलीले उक्त सुपर मार्केटको एक्कासी अनुगमनमा गर्दा उक्त तथ्य फेला परेपछि सो जरिवाना गरेको हो । अनुगमन टोलीले भाटभटेनी सुपर मार्केटबाट बरामद गरेको खाद्यवस्तु बिक्रीवितरणमा रोक लगाएको सहायक प्रजिअ कँडेलले बताए ।


## खानेपानी, सिंचाइ तथा उर्जा विकास निर्देशनालय

वीरेन्द्रनगर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

**आर्थिक प्रस्ताव खोलिने बारे सूचना**

**प्रकाशित मितिः २०७९/०९/१५**

उपरोक्त सम्बनधमा यस निर्देशनालयवाट मिति २०७९/०७/२० गते आव्हान भएको निम्न बमोजिम ठेक्काहरु E–Bidding मार्फत दर्ता भएका वोलपत्रहरुको पुर्णताको परिक्षणवाट सारभुत रुपमा प्रभावग्राही भएको तथा प्राविधिक मुल्यांकनवाट उतीर्ण भएका तपसिल बमोजिमका वोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सार्वजनिक खरिद नियमावली नियम ३१ (ङ) को उपनियम (५) वमोजिम मिति २०७९/०९/२२ गते दिउँसो १:०० वजे खोलिने व्यहोरा सुचित गरिन्छ ।

| क्र.सं. | ठेक्का नं. | वोलपत्र दाताको नाम | कैफियत |
|---|---|---|---|
| 1 | 01/079-080/NCB/ Works/WSP/DWIED-Surkhet | M/s Janachahana Nirman Sewa, Bheri-02, Jajarkot. | Responsive |
| | | M/s Lama Pragati Nirman Sewa, Kathmandu. | Responsive |
| | | M/s N.S.-Kakre JV, Bi.Na.Pa., Surkhet | Responsive |
| | | M/s Shishir & Bashant - D.B. JV, Chingad-02, Surkhet | Responsive |
| 2 | 02/079-080/NCB/ Works/WSP/DWIED-Surkhet | M/s Bhumi Nirman Sewa, Madi-02, Rolpa. | Responsive |
| | | M/s G.U.P. /Shriday Solar JV, Tripureshwor, Kathmandu. | Responsive |

नि.निर्देशक



## रौतामाई गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

भुट्टार, उदयपुर
१ नं.प्रदेश, नेपाल

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

**प्रकाशित मिति : २०७९/०९/१४**

यस कार्यालयबाट मिति २०७९/०७/२७ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये सारभुत रुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रहरुको प्राविधिक प्रस्ताव छनौट भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) ५ अनुसार आर्थिक प्रस्ताव खोली मुल्याङ्कन प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.न. | ठेक्का नं. | छनौट भएका फर्म | आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय |
|---|---|---|---|
| १ | RRM/NCB/Works/9/2079-080 Construction of Murkuchi-Puwarebhanjyang-Panbu-Dhamini-Bhuttar Rural Road | Kabir/Galan Infratech Surveying & Engineering Construction Pvt.Ltd. JV, काठमाण्डौ, नेपाल | रौतामाई गाउँकार्यपालिकाको कार्यालय, भुट्टार, उदयपुर मिति २०७९।०९।२२ गते दिनको ११:०० बजे |
| | | M/S ACHARYE-RS JOINTVENTURE, त्रियुगा, उदयपुर | |

प्रमुख प्रशासकीय अधिकृत



## Zero Cost Recruitment In Malaysia!!
## मलेशियामा शुन्य लागतको रोजगार !!

Free Visa, Free Ticket, Free Service Charge, Free Bio-Medical and Free Land Transportation / lodging / Meals (after selection - selected candidates).
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क सेवा शुल्क, निःशुल्क स्वास्थ्य परिक्षण र निःशुल्क बस सेवा / आवास / खाना (छनौट पश्चात–छनौट भएको उम्मेदवार)

**Name Of Employer : SAM MEERKAT (M) SDN BHD** — **Location: Penang, Malaysia**
**रोजगारदाता कम्पनीः एसएएम मिर्काट (एम) एसडिएन बिएचडी** — **ठेगानाः पेनाङ, मलेशिया**

| Pre Approval Date: 2022/12/28 | Reference No.: 60193953 | L.T. No.: 278303 |
|---|---|---|
| पूर्व स्वीकृत मितिः २०७९/०९/१३ | चलानी नं.: ६०१९३९५३ | एल टी नं.: २७८३०३ |

| S.N. सि.नं | Worker's Position कामदारको पद | Required No's माग संख्या: Male पुरुष | Required No's माग संख्या: Female महिला | Minimum Qualification न्यूनतम योग्यता | Monthly Salary मासिक तलब: MYR रिङ्गिट | Monthly Salary मासिक तलब: NPR ने.रु. | OT Facility अतिरिक्त सुबिधा | Working Hours Per Day प्रति दिन काम गर्ने घण्टा | Working Day Per Week हप्तामा काम गर्ने दिन | Annual Leave बार्षिक बिदा | Food Facility खाना सुबिधा | Accomodation Facility बस्ने सुबिध | Contract Period करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory worker औद्योगिक कामदार | 200 | 0 | Basic English Understanding, Speaking and Writing. साधारण अंग्रेजी बुझ्न, बोल्ने र लेख्न सक्ने | 1500 | ४४,८३५ | As per the company rule कम्पनीको नियम अनुसार | 8 Hours ८ घण्टा | 6 Days ६ दिन | As per the company rule कम्पनीको नियम अनुसार | NO छैन | Yes छ | 2 Years २ वर्ष |

| Domestic medical expenses borne by whom and how much does it Cost स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने र कति लाग्ने | Abroad Medical Cost borne by बिदेशमा गर्ने मेडिकलको शुल्क कसले ब्यहोर्ने | Domestic Foreign terminal Life insurance borne by whom and how much does it cost स्वदेशमा गरिने म्यादी जीवन बिमा कसले ब्यहोर्ने/कति लाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the Premium Cost रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | Expenses of Air Fare will Borne by whom and how much does it cost कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | Visa Fee will be borne by भिषा शुल्क कसले ब्यहोर्ने | Visa Stamping Cost will be borne by भिषा स्ट्याम्पीङ शुल्क कसले ब्यहोर्ने | Cost of Orientation and borne by अभिमुखीकरण शुल्क कति लाग्ने र कसले ब्यहोर्ने | Management of Welfare Fund कल्याणकारी कोष सम्बन्धी ब्यवस्था | Rate Service Charge सेवा शुल्क कति लाग्ने र कसले ब्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer: (1)Age 18 to 35 : NPR 3708/-, (2) Age 36 to 50 : NPR 4931/-, (3) Age 51 to 64 : NPR 9463/- रोजगारदाताले ब्यहोर्ने : (१) उमेर १८ देखि ३५: ने.रु.३७०८।–, (२) उमेर ३६ देखि ५०: ने.रु.४९३१।–, (३) उमेर ५१ देखि ६४: ने.रु.९४६३।– | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने | NPR 700/- By the Employer ने.रु.७००।– रोजगारदाताले ब्यहोर्ने | NPR 1500/- By the Employer ने.रु.१५००।– रोजगारदाताले ब्यहोर्ने | By the Employer रोजगारदाताले ब्यहोर्ने |

**SAM Meerkat (M) Sdn Bhd does not impose any Recruitment/Placement Fee For this Employment.**
**एसएएम मिर्कात (एम) एसडिएन बिएचडीले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।**

Note (नोट):
Applicants are requested to submit their application directly without using any mediator. Applicants (Family members/Relatives/Friends) are not required to make any payments for this employment.
आवेदकलाई कुनै पनि मध्यस्थकर्ताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य आफन्त/साथीभाई)ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।
Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.
प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदकहरु मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् ।

**Pre interview and Final Interview will be conducted on 6th January 2023 inside office permises.**
**प्रि–अन्तर्वार्ता र फाइनल अन्तर्वार्ता मिति २०७९ पुष २२ गते मेनपावर कार्यालय परिसरमा हुनेछ ।**

**बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी** Information provided by the Department of Foreign Employment(DOFE) :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। 1.Confirm that visa is issued under your name २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । 4.Before going abroad orientation or induction training should be attended compulsorily ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same ६.काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। 6.While going abroad use International Airport of Nepal or else you might be deceived ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

**बैदेशिक रोजगारको लागि हाम्रो संस्थाले गर्दै आएको प्रकृयाहरु (दर्ता, छनौट, उडान) लगायत हाम्रो कार्य सम्पादन उपर कुनै गुनासो अथवा अन्य समस्याको अनुभुती गर्नु भएमा हामीलाई ईमेल grievancereporting@aakarshannepal.org, वा मोबाइल नं. +९७७ ९८४७७५७०८९ मा सिधा सम्पर्क गरी अथवा हाम्रो कार्यालयको सुझाव पेटिका मार्फत समेत प्रत्यक्ष वा अप्रत्यक्ष दर्ता गर्न सक्नुहुनेछ । गुनासोकर्ताको परिचय गोप्य राख्ने प्रतिवद्धताका साथ छिटो भन्दा छिटो तपाईहरुको गुनासोहरुलाई सम्बोधन गर्नेछौं ।**

Any grievance regarding our services on foreign employment process (Registration, selection, flight, etc.), please let us know emailing us at **grievancereporting@aakrashannepal.org**, or directly calling us at to **+977 9847757089**, or can be register complaint directly or indirectly by dropping in our suggestion box. We committed to keep identity anonymous and handel your concerns as soonest possible.

Govt. Lic. No.: 609/062/063

**AAKARSHAN INTERNATIONAL PVT. LTD.**
Address: Aakarshan Building, Shambhu Marga (Near Airport), Kathmandu, Nepal
Email: contacts@aakarshannepal.org | web: www.aakarshannepal.org
Contact No.: 01-4498701, 9801122306

मध्यान्ह
www.madhyanhadaily.com
१५ पुस २०७९, शुक्रबार
30 December 2022, Friday

# नेपालसँग मिलेर काम गर्न तयार छौं : भारत



**काठमाडौं/मस**-नेपालमा हालै गठन भएको सरकारसँग मिलेर काम गर्न तयार रहेको भारत सरकारले स्पष्ट पारेको छ ।

भारतको विदेश मन्त्रालयमा बिहीबार आयोजित नियमित पत्रकार सम्मेलनमा प्रवक्ता अरिन्दम बाग्चीले दुई देशबीचको द्विपक्षीय सम्बन्धलाई मजबुत बनाउँदै नयाँ सरकारसँग मिलेर काम गर्न उत्सुक रहेको बताए। गत मङ्सिर ४ गते भएको निर्वाचनपछि यही पुस १० गते नेकपा(माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा नयाँ सरकार गठन भएको छ । नेपालमा निर्वाचनपछि गठन भएको सरकार र राजनीतिक परिस्थितिका बारेमा एक सञ्चारकर्मीको जिज्ञासाको जवाफमा प्रवक्ता बाग्चीले भने, 'पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री हुनेबित्तिकै हाम्रा प्रधानमन्त्री नरेन्द्र मोदीले बधाई दिनुभयो । नेपालका प्रधानमन्त्रीले हाम्रा प्रधानमन्त्रीलाई जवाफ दिइसक्नुभएको छ ।'

दुई देश बीचमा गहिरो सम्बन्ध बनाउन चाहेको उनले जानकारी दिए । नेपालको नयाँ सरकारसँग द्विपक्षीय सम्बन्धलाई बलियो बनाउने पक्षमा रहेको उल्लेख गर्दै उनले भने, 'दुई देशका बीचमा रहेको अद्वितीय एवं सांस्कृतिक सम्बन्धलाई बढावा दिँदै मिलेर काम गर्ने आशा राखेका छौं । द्विपक्षीय सम्बन्धलाई बढाउने कुरामा हामी कुनै कमी हुन दिँदैनौं ।'

प्रवक्ता बाग्चीले यसअघि नै नेपालको नयाँ सरकारसँग मिलेर काम गर्न तत्पर रहेको बताएको दोहोऱ्याए । नयाँ सरकारलाई बधाई दिने क्रममा नै यो सन्देश दिइसकेको उनको भनाइ छ ।

# हत्यामा संलग्नलाई कारबाही गर्न ज्ञापनपत्र

**काठमाडौं/मस**-उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेलाई अनेरास्ववियुले केन्द्रीय कमिटी सचिवालय सदस्य चेतन ऐडीका हत्यारालाई कारबाहीको माग गर्दै ज्ञापन पत्र बुझाएको छ ।

गृहमन्त्री लामिछानेलाई अनेरास्ववियुका अध्यक्ष सुनिता बरालको नेतृत्वमा गएको टोलीले हत्यामा सङ्लग्नलाई पक्राउ गरी कारबाही गर्न माग राखेको हो । गृहमन्त्री लामिछानेले हत्यामा संलग्नलाई पक्राउ गर्ने प्रतिबद्धता जनाएको अनेरास्ववियुका महासचिव समिक वडालले जानकारी दिए ।

गत मङ्सिर ४ गते सम्पन्न भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका दिन बाजुरा जिल्ला त्रिवेणी नगरपालिका-७ स्थित मतदानस्थलमा भएको विवादमा राति आफ्नै घरमा सुतिरहेको बेला अनेरास्ववियु केन्द्रीय कमिटी सचिवालय सदस्य ऐडीको हत्या भएको थियो ।

# सेतीमादी पुल निर्माण : दुई वर्षमा छ प्रतिशत प्रगति
